जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ • अंक ३४२ • २०८३ साल बैशाख २८ गते सोमबार (11 May, Monday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## बजेट तथा नीति कार्यक्रम आज प्रस्तुत हुने

**टुडे समाचारदाता**

काठमाण्डु । संघीय संसद्को बजेट अधिवेशन सोमबारदेखि शुरु हुने भएको छ । सोमबार नै सरकारको नीति कार्यक्रमसमेत प्रस्तुत गर्ने भएको छ ।

राष्ट्रपति रामचन्द्र पौडेलले संघीय संसद्का दुबै सदनको संयुक्त बैठकलाई सोमबार सम्बोधन गर्ने कार्यक्रम रहेको संसद् सचिवालयका प्रवक्ता एकराम गिरिले जानकारी दिए ।

नेपालको संविधानको धारा ९५ अनुसार राष्ट्रपतिले सोमबार दिउँसो सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्ने छन् ।

उक्त धारामा प्रतिनिधिसभाको निर्वाचन भएपछिको पहिलो अधिवेशन र प्रत्येक वर्षको पहिलो अधिवेशन प्रारम्भ भएपछि राष्ट्रपतिले नै दुबै सदनको संयुक्त बैठकलाई सम्बोधन गर्ने भएका छन् ।

त्यस अघि प्रतिनिधिसभा र राष्ट्रियसभाका बैठक समेत हुनेछ । संसद् सचिवालयले जनाए अनुसार प्रतिनिधिसभाको बैठकमा राष्ट्रपतिबाट अधिवेशन आह्वानसम्बन्धी पत्रबारे जानकारी दिने, मन्त्रिपरिषद्को हेरफेर सम्बन्धी राष्ट्रपतिको कार्यालयबाट प्राप्त सूचनाबारे सदनलाई अवगत गराइने सम्भावित कार्यसूची छ ।

# मुख्यमन्त्रीले बुधवार विश्वासको मत लिने

## अर्थ मन्त्री हटाइने, सरकारको कामप्रति असन्तुष्टि

**टुडे समाचारदाता**

जनकपुरधाम ।संकटमा परेको मधेश प्रदेश सरकारले बुधवार विश्वासको मत लिने भएको छ ।सत्ता साझेदार चार दलका नेताहरुको आइतवार बसेको बैठकले सरकारलाई निरन्तरता दिने निर्णय गरेको छ ।



चार दलका नेताहरुको बैठकपछि जारी संयुक्त विज्ञप्तिमा भनिएको छ 'आज मिति २०८३ वैशाख २७ गतेका दिन मधेश प्रदेश सरकारमा सहभागी सत्ता साझेदार दलका नेताहरुको बैठक बसी वर्तमान मुख्यमन्त्री माननीय कृष्ण प्रसाद यादवज्यूको नेतृत्वमा रहेको सरकारलाई निरन्तरता दिदै यथाशीघ्र विश्वासको मत लिने निर्णय गरियो ।'

बैठकमा मुख्यमन्त्री यादव, जनता समाजवादी पार्टी( जसपा)नेपाल दलका नेता सरोज कुमार यादव, नेपाली कम्युनिष्ट पार्टी(नेकपा)दलका नेता युवराज भट्टराई र लोकतान्त्रिक समाजवादी पार्टी(लोसपा)को प्रतिनिधि शिक्षा मन्त्री रानी शर्माको सहभागिता रहेको थियो ।

जसपा नेपाल दलका नेता सरोज कुमार यादवको आवासमा भएको बैठकमा सरकारको काम कारबाहीप्रति प्रश्न उठेको थियो ।

सरकारलाई दिएको समर्थन जनमत पार्टीले फिर्ता लिएपछि संकटमा परेको सरकारमा सो पार्टीका दुई जना अझै छन् ।जनमत पार्टीका महेश प्रसाद यादव अर्थ मन्त्री र वसन्त कुशवाहा खेलकुद तथा समाजकल्याण मन्त्री छन् ।

सरकारले उनीहरुलाई हटाएको छैन् ।तर विश्वासको मतमा साथ नदिए दुबै मन्त्रीलाई हटाइने सहमति भएको छ ।'एक, दुई दिन भित्र जनमत पार्टीका मन्त्रीले आफ्नो धारणा प्रष्ट गर्नुपर्छ' नेकपा दलका नेता भट्टराईले भने, पार्टीको आन्तरिक मामिला रहेकोले उनीहरु मिलाएर धारणा प्रष्ट गर्ने छन् ।

बैठकमा जनमत पार्टी सहभागी नभए पनि विश्वासको मत दिनेमा भट्टराई विश्वस्त देखिए ।'उनीहरु केही कुरामा लागेर अगाडि बढेका थिए' उनले भने, तर अब उनीहरु फर्केर सरकारमा सहभागी हुनेछ ।

प्रदेश सरकारको काम कारवाहीप्रति दलहरु असन्तुष्ट रहेको जनाउँदै भट्टराईले भने, आगामी दिनमा कमीकमजोरी सच्याएर अगाडि बढने प्रतिबद्धता मुख्यमन्त्रीबाट आएको छ ।

बैठकमा सहभागी शिक्षा मन्त्री समेत रहेकी लोसपा नेतृ शर्माले काठमाण्डुमा रहेका दलका शीर्ष नेताहरुबीच सहमति भएपछि प्रदेशमा त्यसलाई औपचारिकता दिएको बताइन् ।'शीर्ष नेताहरुबीच सरकारलाई निरन्तरता दिने विषयमा भएको सहमतिलाई हामीले आधिकारिकता दिएका छौ' उनले भनिन् ,सरकारमाथि अब कुनै संकट छैन् ।

जनमत पार्टीका मन्त्रीहरुको विषयमा बैठकमा छलफल नभएको उनले बताइन् ।'जनमत पार्टीको विषयमा छलफल नै भएन्' उनले भनिन्, जनमत पार्टीको आन्तरिक विषय भएकाले त्यसमा प्रवेश गरिएन् ।

मधेश प्रदेशका पूर्व राज्यमन्त्री समेत रहेका जनमत पार्टीका सांसद सञ्जय यादवले सरकारबाट समर्थन फिर्ता लिएको 'स्टेण्ड'बाट विचलित नभएको बताएका छन् ।'मधेशी दलको नेतृत्वमा मधेश प्रदेशमा सरकार बन्नु पर्ने हाम्रो अडान कायमै छ 'उनले भने, नेपाली कांग्रेस र नेकपा एमालेको नेतृत्वमा हामी सरकारमा बस्न सक्दैनौ ।

मधेशवादी दलहरुकै सहमतिमा सरकारबाट समर्थन फिर्ता लिएको बताए पनि उनले नाम भने खुलाउन चाहेनन् ।

केन्द्रीय राजनीतिक परिस्थिति र दलहरुको आन्तरिक किचलोको कारण मुख्यमन्त्री हटाउने अभियानलाई तत्कालका लागि जसपा नेपालले विराम दिएको उच्चस्रोतले जनाएकाछन् ।

स्रोतका अनुसार अब अर्थमन्त्रीबाट महेश यादवलाई हटाएर जनमतको सिफारिसमा नै एकजनालाई मन्त्री बनाइने छ ।खेलकुद तथा समाजकल्याण मन्त्री कुशवाहा भने यथावत रहने छन् ।जनमतबाट चन्दन सिंह सरकारमा जाने सम्भावना बलियो रहेको स्रोतले जनाए ।

मधेश प्रदेशमा एमाले र नेपाली कांग्रेस दुबै दलले सरकारको नेतृत्व गरेको छ ।कांग्रेस नेतृत्वको सरकारलाई दुई मधेशी दल जसपा नेपाल र लोसपा नेपालले विश्वासको मत दिने सहमति गरेको छ ।

मधेश प्रदेशमा एक सय सात जना सांसद मध्ये हाल एक सय जना मात्र छन् ।प्रतिनिधि सभाको चुनावमा भाग लिएको कारण चार जनाले राजीनामा गरिसकेका छन् ।दुई जना निलम्बनमा छन् ।राप्रपाको एकजना सांसद सर्वोच्च अदालतको आदेशबाट पदमुक्त भइसकेको छ ।

सत्ता गठबन्धनमा रहेको नेपाली कांग्रेसको २२ जना, जसपा नेपालको १८ जना, नेकपाको १४ जना र लोसपाको ८ जनागरि ६२ जना सांसद रहेका छन् ।जनमत पार्टीले समर्थन फिर्ता लिएको कारण सरकारलाई विश्वासको मत लिन आवश्यक भएको छ ।

### भन्सार र तस्करबीच सेटिंग

## सशस्त्र प्रहरी तनावमा, तस्करी नियन्त्रणको लक्ष्य पूरा हुनेमा बाधा

**टुडे समाचारदाता**

जनकपुरधाम ।सशस्त्र प्रहरी बल नेपाल नम्बर ९ गण महोतरी र भन्सार कार्यालय महोत्तरीबीच तनाव उत्पन्न भएको छ ।



सशस्त्र प्रहरीले बरामद गरेको तीन पिकअप चाइनिज स्याउ भन्सार कार्यालयले सोझै तस्करलाई बुझाएपछि टकराव बढेको छ ।

सशस्त्र प्रहरीले महोत्तरीको मनरासिसवा नगरपालिका-२ स्थित नेपाल-भारत सीमा क्षेत्रबाट अवैध रूपमा भारततर्फ लैजान लागेको स्याउ बोकेको प्रदेश ०२-०२-००१ च ०७२२, प्रदेश १-०४-००१ च ०४१४ र मधेश प्रदेश ०४-००१ च ०३८० नम्बरका तीन वटा गाडी गत हप्ता नियन्त्रणमा लिएको थियो ।

भेइकल एन्ड कन्साइन्मेट ट्र्याकिङ सिस्टम (भीसीटीएस) मा गाडी नम्बर उल्लेख नगरी सिमावर्ती क्षेत्रबाट ३ सय ४५ कार्टुनमा रहेको ६ हजार ९ किलो स्याउसहित तीन वटा पिकअप गाडी आवश्यक कारवाहीका लागि भन्सार कार्यालयमा सशस्त्र प्रहरीले बुझाएको थियो ।

सशस्त्र प्रहरीले नियन्त्रणमा लिएर भन्सार कार्यालय बुझाएको स्याउ लिलामको सूचना सार्वजनिक भएको केही घण्टामै मुद्दा नै नचलाइ व्यापारीलाई फिर्ता गरिएको थियो । घटनापछि तस्करी नियन्त्रण गर्ने जिम्मेबारी पाएका जलेश्वर भन्सार र सशस्त्र प्रहरीबीच आन्तरिक टकराव निकै बढेको बताइन्छ ।

सशस्त्र प्रहरीले बरामद गरेको स्याउको अनुमानित मूल्य ४१ लाख ७० हजार ५ सय रुपैयाँ र गाडीको मुल्य ५१ लाख रुपैया रहेको जनाएको थियो । भन्सार कार्यालयले गत २१ गते सो स्याउ लिलाम प्रक्रिया अगाडि बढाइएको सूचना समेत सार्वजनिक गऱ्यो। सामान्यतया तस्करी वा भन्सार छलिको आशंकामा पक्राउ परेको सामानमा मुचुल्का, अनुसन्धान, कर निर्धारण, बयान र आवश्यक परे मुद्दा दर्ता गर्ने प्रक्रिया अपनाइन्छ ।

राष्ट्रिय स्वतन्त्र पार्टी महोत्तरीका नेता सन्तोष साहले यो घटनालाई सामान्य प्रशासनिक कमजोरी नभइ गम्भीर आर्थिक चलखेलको संकेत भएको बताए । 'नियन्त्रणमा लिएका ठूलो परिमाणको सामानलाई यति छोटो समयमा अनुसन्धान नै नगरी फिर्ता गर्नु शंकास्पद देखिन्छ ' उनले भने, सशस्त्र प्रहरीले फरार भनिएका चालकहरूको बयानलाई आधार बनाएर भन्सार कार्यालयले सामान छोडेको देखिन्छ । सीमावर्ती क्षेत्रमा वर्षौंदेखि तस्करी संस्थागत भएको र यसमा केही कर्मचारी, बिचौलिया र तस्कर समूहबीच मिलेमतो हुने गरेको साहले बताए ।

जलेश्वर भन्सार कार्यालयका सूचना अधिकारी भरतराज अधिकारीले भन्सार ऐन २०८२को दफा ५०को उपदफा २अनुसार मुद्दा चलाउने प्रयाप्त आधार नपुगेको अवस्थामा सामान र सवारीसाधन धनीलाई फिर्ता गरिएको बताए ।

प्रारम्भिक अनुसन्धानका क्रममा प्राप्त कागजात, बयान तथा अन्य आधारहरू अध्ययनपछि बस्तु विना कारण कब्जामा लिएकाले मुद्दा नचलाउने निष्कर्षमा पुगिएको उनले बताए ।

महोतरीको सिमानामा खटिएका जलेश्वर भंसार र सशस्त्र प्रहरीबीच तस्करी सम्बन्धमा जुहारी चल्ने गरेको छ । भन्सारले तस्करी गराउने र सशस्त्र प्रहरीले तस्करीको सामान समातेर भन्सार तथा अन्य निकायमा बुझाउने जुहारी पटक पटक देखिने गरेको सिमावर्ती क्षेत्रका रामनरेश पाण्डेयले बताए ।

भीसीटीएस नम्बर उल्लेख नगरी स्याउसहित गाडी भित्र्याइएको प्रहरीले जनाएको छ। सो स्याउ बर्दिवासको बजरंग ट्रेडिङ कम्पनी प्रालिले माँ जानकी ट्रेडर्स, मनरा सिसवाका नाममा बिल गरेको प्रहरीले जनाएको छ। यसरी भीसीटीएस नम्बर उल्लेख नगरी लाखौं मूल्यको सामान आयात गर्दा कम मूल्यांकन गरिने र भन्सार कर्मचारीसँग मिलेर राजस्व छली हुने गरेको प्रहरीको भनाइ छ। भीसीटीएस प्रणालीअन्तर्गत इन्टरनेटबाटै व्यावसायिक फर्मले सामान ढुवानी कसरी गर्छन भन्ने जाँच गरिन्छ।

यो प्रणालीमा सामान ढुवानी हुनुभन्दा अघि के, कहाँ, कति, ढुवानीलगायत सबै विवरण प्रविष्ट गर्नुपर्ने नियम छ। ढुवानीको सुरुको बिन्दु र अन्तिम बिन्दुसम्म विभागले ट्र्याकिङ गरिरहेको हुन्छ। राजस्व चुहावटको सम्भावना कम गरेर राजस्व प्रशासनमा सुधार ल्याउने उद्देश्ले २०७६ साल साउन १ देखि अनिवार्य रूपमा भीसीटीएस लागु गरिएको हो ।

सामान पुग्नुभन्दा अगाडि अनगोइङ र पुगेपछि डेलिभरीको सूचना अनलाइनमै प्राप्त हुन्छ। भन्सार कार्यालयका सूचना अधिकारी भरत अधिकारीले भीसीटीएस भन्सारले नहेर्ने दाबी गरे। उनले यो विषय राजस्व अनुसन्धानको भएकाले भन्सारसँग सरोकार नहुने उनको भनाइ छ।

प्रहरीका अनुसार जहाँबाट स्याउ नियन्त्रणमा लिइयो, त्यस आसपासमा स्याउ बिक्री गर्ने कुनै पसल वा थोक गोदामसमेत रहेको छैन्। यसले सामान व्यवस्थित व्यापारिक प्रयोजनभन्दा तस्करीका लागि ओसारपसार भइरहेको आशंकालाई थप बलियो बनाएकोछ।

भन्सार कार्यालयले २१ गते उक्त स्याउ लिलाम प्रक्रिया अगाडि बढाइएको सूचना समेत सार्वजनिक गऱ्यो। सामान्यतया तस्करी वा भन्सार छलिको आशंकामा पक्राउ परेको सामानमा मुचुल्का, अनुसन्धान, कर निर्धारण, बयान र आवश्यक परे मुद्दा दर्ता गर्ने प्रक्रिया अपनाइन्छ।

यसले प्रशासनिक प्रक्रियामाथि मात्रै होइन, भन्सार कार्यालय र तस्करबीचको सम्भावित 'सेटिङ'बारे समेत प्रश्न उठाएको छ । भन्सार स्रोतका अनुसार चालु आर्थिक वर्षमा तस्करीको आशंकामा नियन्त्रणमा आएको यति ठूलो परिमाणको सामान र सवारी साधन पहिलो पटक सहजै फिर्ता गरिएको छ। यस प्रकारको घटनामा सामान जफत गर्ने, राजस्व असुल गर्ने वा मुद्दा दर्ता गर्ने अभ्यास थियो। तर यसपटक भने पक्राउ परेका गाडी र सामान दुवै छोडिएपछि प्रशासनिक निष्पक्षतामाथि प्रश्न उठेको हो।



# विषाक्त खानाका कारण ९३ जना बिरामी, ५० जनाको उपचार हुँदै

चितवनाभरतपुरमहानगरपालिका-४, धर्मचोकस्थित चौतारी पार्टी प्यालेसमा आयोजित विवाहको भोज खाएपछि 'फुड पोइजनिङ' भई बिरामी हुनेको सङ्ख्या ९३ पुगेको छ । तीमध्ये हाल ५० जना विभिन्न अस्पतालमा उपचाररत छन् ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक गोविन्द पुरीका अनुसार यही वैशाख २३ गते भोज खाएकाहरू बिरामी हुन थालेका हुन् ।

बिरामीको भरतपुर अस्पताल, चितवन मेडिकल कलेज र कलेज अफ मेडिकल साइन्सेसमा उपचार भइरहेको छ । केहीको काठमाडौँको निजामति कर्मचारी (सिभिल) अस्पताल, त्रिवि शिक्षण अस्पताललगायत स्वास्थ्य संस्थामा उपचार भइरहेको उहाँले जानकारी दिनुभयो ।

"हालसम्म बिरामी भएका ९३ जनामध्ये ५० जना उपचाररत रहेको छन् । दुई जनाको सघन उपचार कक्षमा राखेर उपचार गरिएकोमा अवस्थामा सुधार आएपछि वार्डमा सारिएको छ । बिरामी सबैको अवस्था खतरामुक्त रहेको जानकारी प्राप्त भएको छ", उहाँले प्रहरी उपरीक्षक पुरीले भन्नुभयो ।

घटनापछि पार्टी प्यालेसका दुई जनालाई नियन्त्रणमा लिएको छ । खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालयले यससम्बन्धी थप अध्ययन गर्ने प्रहरी उपरीक्षक पुरीले जानकारी दिनुभयो ।

डिभिजन कार्यालय प्रमुख प्रमोदचन्द्र पौडेलले चिकित्सकले विषाक्त खानाका कारण बिरामी भएको मौखिक रूपमा जनाएको र बाँकी विषयमा आफूहरूले अनुसन्धान गर्ने बताउनुभयो ।

बिरामीमा उच्च रक्तचाप, कडा ज्वरो र पखालाको लक्षण देखिएको जनाइएको छ । रासस



# कार्यविभाजनप्रति यादवको असहमति



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशी राष्ट्रिय मुक्ति मोर्चा नेपालका संयोजक जगत प्रसाद यादवले नेपाली कम्युनिष्ट पार्टीको पछिल्लो कार्यविभाजनप्रति गम्भीर असहमति जनाएका छन् । उनले उक्त कार्यविभाजनलाई "अन्यायपूर्ण र विभेदपूर्ण" भन्दै स्वीकार गर्न नसकिने बताएका हुन् ।

नेपाली कम्युनिस्ट पार्टी(नेकपा) का केन्द्रीय सदस्यसमेत रहेका संयोजक यादवले भने, पार्टी नेतृत्वले जिम्मेवारी बाँडफाँट गर्दा योगदान, राजनीतिक भूमिका र संगठनात्मक आवश्यकतालाई बेवास्ता गरेको बताएका छन् । उनले यस्तो प्रवृत्तिले पार्टीभित्र असन्तोष बढाउने मात्र नभई बाँकी रहेको कम्युनिस्ट आन्दोलनलाई समेत विसर्जनतर्फ धकेल्ने चेतावनी दिएका छन् । संयोजक यादवले हालैको निर्वाचनमा भएको "शर्मनाक पराजय" पछि पनि पार्टीको शीर्ष नेतृत्वमा आत्मसमीक्षा र राजनीतिक चेत नआएको टिप्पणी गरेका छन् । यादवका अनुसार निर्वाचन परिणामले पार्टीको कार्यशैली, नेतृत्व पद्धति र जनतासँगको सम्बन्धबारे गम्भीर प्रश्न उठाएको भए पनि नेतृत्व त्यसबाट पाठ सिक्न असफल भएको छ ।

संयोजक यादवले पार्टीभित्र लोकतान्त्रिक बहस, समावेशी नेतृत्व र न्यायपूर्ण कार्यविभाजनको आवश्यकता औँल्याउँदै वर्तमान शैली नसच्याइए संगठन थप कमजोर बन्ने दाबी गरेका छन् । संयोजक यादवको अभिव्यक्तिलाई पार्टीभित्र बढ्दो असन्तुष्टिको संकेतका रूपमा हेरिएको छ ।

# लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान सञ्चालन

चन्द्रपुर । रौतहटमा प्रहरीले 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालनमा ल्याएको छ ।

रौतहटमा पछिल्ला समय युवापुस्तामाझ लागुऔषधको प्रयोग र कारोबार बढ्दै गएपछि प्रहरीले 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' सञ्चालन गरेको हो ।

नेपाल-भारत सीमा क्षेत्र तथा जिल्लाको उत्तरीभेग चन्द्रनिगाहपुरको विभिन्न भू-भागमा लागुऔषध सेवनकर्ता तथा बिक्रीवितरणमा बढोत्तरी भएपछि यसको नियन्त्रणका लागी प्रहरी सक्रिय भएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रहरी उपरीक्षक सीताराम रिजालका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा लागुऔषध कारोबारसम्बन्धी मुद्दामा २६ जनाविरुद्ध मुद्दा दायर गरेको छ । प्रहरीले ६३ जनालाई पक्राउ गरी कानुनी दायरामा ल्याएको प्रहरी उपरीक्षक रिजालले जानकारी दिनुभयो ।

उहाँका अनुसार लागुऔषध नियन्त्रण केबल पक्राउ र कारबाहीमा सीमित राखेर समस्या समाधान नहुने देखिएपछि जिल्लामा 'लागुऔषध नियन्त्रण तथा सेवनकर्ता खोजी एवं सुधार अभियान' शुक्रबारदेखि सुरु गरिएको हो ।

प्रहरीको तथ्याङ्कले रौतहटमा सीमावर्ती क्षेत्र हुँदै लागुऔषध ओसारपसार तथा युवामा यसको प्रयोग बढ्दै गएको देखाइरहेको छ ।

विशेषगरी बेरोजगारी, कमजोर पारिवारिक निगरानी, सीमापार सहज आवतजावत र साथीहरूको प्रभावका कारण किशोर तथा युवा वर्ग लागुऔषधको दुर्व्यसनतर्फ आकर्षित भइरहेको प्रउ रिजालको भनाइ छ ।



प्रउ रिजालले लागुऔषध दुर्व्यसनलाई केवल कानुनी विषयका रूपमा नभई सामाजिक, पारिवारिक र स्वास्थ्यसँग गाँसिएको जटिल समस्याका रूपमा बुझ्नुपर्ने बताउनुभयो । पक्राउ गरेर मात्रै समस्या समाधान नहुनेहुँदा खोज, उपचार र सुधारलाई सँगसँगै अघि बढाउनुपर्ने रौतहट प्रहरी प्रमुख रिजालले बताउनुभयो ।

अभियानअन्तर्गत जिल्लाका सबै स्थानीय तहमा पुगेर लागुऔषध सेवनकर्ताको पहिचान, तथ्याङ्क सङ्कलन, परामर्श सेवा, सचेतनामूलक कार्यक्रम तथा आवश्यक परे उपचार र पुनःस्थापनाका लागि सम्बन्धित निकायसँग समन्वय गरिनेसमेत उहाँले जानकारी दिनुभएको छ ।

प्रहरीका अनुसार अभिभावक, शिक्षक, जनप्रतिनिधि, स्वास्थ्य संस्था तथा सामाजिक सङ्घसंस्थासँग सहकार्य गरिनेछ । पहिचान भएका व्यक्तिलाई अपराधीको दृष्टिले नभई सुधार आवश्यक व्यक्तिका रुपमा हेरेर पुनःसमाजमा स्थापित गर्ने रणनीति बनाइएको छ ।

लागुऔषध दुर्व्यसनीका कारण पनि एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या रौतहटमा बढेको पाइएको छ । पछिल्लो तथ्याङ्कअनुसार रौतहटमा एचआइभी एड्स सङ्क्रमितको सङ्ख्या ५४० रहेको छ भने ४२५ जनाले औषधि सेवन गर्दै आएको स्वास्थ्य कार्यालय रौतहटका प्रमुख राजेश सिंहले जानकारी दिनुभएको छ । रासस

# ट्राफिक प्रहरीद्वारा चैत मसान्तसम्म छब्बिस करोड बढी राजस्व सङ्कलन

काठमाण्डु । काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयले चालु आर्थिक वर्षको चैत मसान्तसम्म ट्राफिक नियम उल्लङ्घन गर्ने सवारी चालकमाथि कारबाही गरी रु २६ करोड १९ लाख ३१ हजार १७७ राजस्व सङ्कलन गरेको छ ।

उपत्यका ट्राफिक प्रहरी कार्यालयमा आज आयोजित पत्रकार सम्मेलनमा कार्यालयका प्रमुख एवं प्रहरी वरिष्ठ उपरीक्षक नवराज अधिकारीले उपत्यकाभित्र ट्राफिक व्यवस्थापनलाई थप प्रभावकारी बनाउने उद्देश्यले नियमित चेकजाँच, सचेतनामूलक अभियान, ट्राफिक नियम पालनामा कडाइ गरिनाका साथै नियम उल्लङ्घन गर्नेलाई कारबाही गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार चैत मसान्तसम्म ट्राफिक नियम उल्लङ्घन गर्ने तीन लाख ७३ हजार ५६२ चालकलाई कारबाही गरिएको छ ।

प्रहरी वरिष्ठ उपरीक्षक अधिकारीले एउटै कसुरमा पटकपटक संलग्न हुने चालकमाथि थप कडाइ गरिएको बताउँदै पाँच पटकभन्दा बढी कारबाहीमा परेका चालकको सवारी चालक अनुमतिपत्र निलम्बनका लागि यातायात व्यवस्था विभागमा पत्र पठाइएको जानकारी दिनुभयो । हालसम्म ३१ जना चालकको सवारी चालक अनुमतिपत्र (लाइसेन्स) निलम्बनका लागि सिफारिस गरिएको उहाँले बताउनुभयो ।



उपत्यका ट्राफिक प्रहरी कार्यालय प्रमुख अधिकारीका अनुसार चालु आर्थिक वर्षको चैत मसान्तसम्म काठमाडौँ उपत्यकाभित्र चार हजार ६३१ सवारी दुर्घटना भएका छन् । ती दुर्घटनामा परी १७४ जनाले ज्यान गुमाएका छन् भने १८६ जना गम्भीर घाइते भएका छन् । साथै चार हजार ९२७ जना सामान्य घाइते भएका प्रहरीले जनाएको छ । ट्राफिक प्रहरीले तीव्र गतिमा सवारी चलाउने, मादक पदार्थ सेवन गरी सवारी चलाउने, लेन मिच्ने, रातोबत्ती उल्लङ्घन गर्नेलगायत कारण दुर्घटनाको जोखिम बढिरहेको जनाएको छ ।

**नियम नमान्ने कारबाहीमा**

प्रहरी उपरीक्षक नरेशराज सुवेदीका अनुसार विभिन्न स्थानमा सञ्चालन गरिएको विशेष ट्राफिक चेकिङ अभियानका क्रममा तीन लाख ७३ हजार ५६२ चालकलाई कारबाही गरिएको छ ।

मादक पदार्थ सेवन (मापसे) गरेर सवारी चलाउने २३ हजार ४८, रातोबत्तीको नियम उल्लङ्घन गर्ने २८ हजार ३०८, तीव्र गतिमा सवारी चलाउने २३ हजार ७७२, लेनक्रस गर्ने २३ हजार ९८४, सवारीको स्वरुप परिवर्तन गर्ने एक हजार ४५०, भाडा बढी असुल्ने ८९०, लागु पदार्थ सेवन (लापसे) १२४, यान्त्रिक अवस्था ठिक नभएका सवारी दुई हजार ८३१, मोड्न निषेध उल्लङ्घन गर्ने ३७ हजार ४७२, हर्न निषेधमा छ हजार २५७, डबल चालक ३५०, सवारीचालक अनुमतिपत्रबिना सवारी चलाउने १० हजार ४८९ चालकलाई कारबाही गरिएको प्रवक्ता सुवेदीले जानकारी दिनुभयो । उहाँका अनुसार अन्य कारबाहीमा दुई लाख, १४ हजार ५८७ परेका छन् ।

**सचेतना र निगरानीलाई प्राथमिकता**

ट्राफिक प्रहरीले पछिल्लो समय उपत्यकामा ट्राफिक व्यवस्थापनलाई व्यवस्थित बनाउन डिजिटल निगरानी, सिसिटिभीमार्फत अनुगमन तथा विशेष चेकिङ अभियानलाई तीव्र बनाएको ट्राफिक प्रहरी प्रमुख अधिकारीले बताउनुभयो । उहाँले भन्नुभयो, "सवारी दुर्घटना न्यूनीकरणका लागि ट्राफिक प्रहरी पछिल्लो समय सक्रिय बनेको छ र नियमित अनुगमन र चेकजाँच गरिरहेको छ । यसका लागि चालक तथा यात्रु दुवैको सचेतना पनि आवश्यक छ ।"

प्रहरीले मादक पदार्थ वा लागुपदार्थ सेवन गरी सवारी चलाउनु कानुन विपरीत तथा दण्डनीय कार्य भएकाले यस्ता गतिविधि देखिएमा तत्काल नजिकको प्रहरी कार्यालय, ट्राफिक कन्ट्रोल रूमको हटलाइन नम्बर १०३ वा प्रहरीको हटलाइन नम्बर १०० मा जानकारी दिन आग्रह गरेको छ । ट्राफिक प्रहरीले नियम पालना, सुरक्षित यात्रा र अनुशासित सवारी सञ्चालनमार्फत मात्रै दुर्घटना न्यूनीकरण गर्न सकिने भन्दै सबै चालक तथा सर्वसाधारणलाई जिम्मेवार बन्न आग्रह गरेको छ । रासस

# बेगनास सिँचाइ प्रणालीअन्तर्गतका शाखा नहर मर्मत गरिँदै

गण्डकी । बेगनास सिँचाइ प्रणालीअन्तर्गत रहेका पाँच वटा शाखाका नहर मर्मतसम्भार गरिने भएको छ । बेगनास सिँचाइ प्रणालीअन्तर्गतका नहरका ठाउँठाउँमा बिग्रिने/भत्किने समस्या देखिएपछि सङ्घीय बजेटबाट करिब रु ६० लाखको लागतमा मर्मत गर्न लागिएको हो ।

बेगनास सिँचाइ प्रणाली मूल उपभोक्ता समितिका अध्यक्ष राजु खत्रीले यस सिँचाइ प्रणालीअन्तर्गत यहाँका करिब एक हजार ६०० हेक्टर क्षेत्रफलमा सिँचाइ सुविधा पुगिरहेको जानकारी दिनुभयो । नहरको मर्मतसम्भारका लागि प्रत्येक वर्ष बजेट विनियोजन हुने गरेको उल्लेख गर्दै उहाँले अघिल्लो वर्ष बजेट प्राप्त नभएको बताउनुभयो ।

पाँचवटै शाखाअन्तर्गतका नहरबाट ढुङ्गेपाटन, खुदी, तल्लो गगनगौँडा, छुची, सातमुहाने, मालमूल, किमबैँसीलगायत स्थानमा सिँचाइ भइरहेको छ । यो प्रणाली सञ्चालनमा आएपछि यस क्षेत्रमा वर्षातसँगै हिउँदको समयमा खेती गर्न सकिने गरी सिँचाइ पुगेको बेगनास सिँचाइ प्रणाली शाखाका-२ का अध्यक्ष शिबबहादुर थापाले बताउनुभयो । सहज सिँचाइ सुविधा पुगेकाले किसानलाई सहज हुनुका साथै उत्पादनमा महत्वपूर्ण टेवा पुगिरहेको उहाँको भनाइ छ । रासस


# इन्डक्सन चुल्हा वितरण

**टुडे समाचारदाता**

जनकपुरधाम । वैकल्पिक ऊर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने उद्देश्यले सर्लाहीको बसवरिया गाउँपालिकामा ३ हजार घरपरिवारलाई इन्डक्सन चुल्हा वितरण गरिएको छ ।

अमेरिका-इरानबीच बढ्दो तनावका कारण अन्तर्राष्ट्रिय बजारमा ग्यास आपूर्तिमा असर पर्न सक्ने र मूल्यवृद्धि हुने सम्भावनालाई मध्यनजर गर्दै उक्त कार्यक्रम चालिएको जनाइएको छ ।

कार्यक्रम नेपाली कांग्रेस मधेश प्रदेशका उपसभापति तथा प्रदेशसभा सदस्य बिरेन्द्र प्रसाद सिंहको पहलमा सम्पन्न भएको हो । कार्यक्रममा उनी प्रमुख अतिथिका रूपमा सहभागी भएका थिए । आयोजकका अनुसार एका नेपाल र वाग्मती सेवा समाजको सहयोगमा गाउँपालिकाभित्रका ३ हजार घरपरिवारलाई चरणबद्ध रूपमा इन्डक्सन चुल्हा वितरण गरिनेछ ।



कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी, विभिन्न राजनीतिक दलका प्रतिनिधि तथा स्थानीयवासीको उल्लेख्य उपस्थिति रहेको थियो ।

सहभागीहरूले एलपी ग्यासमा बढ्दो निर्भरता कम गर्न र वातावरणमैत्री ऊर्जाको प्रयोग विस्तार गर्न यस्ता कार्यक्रम प्रभावकारी हुने बताए ।

# राष्ट्रिय परिचयपत्र बनाउन एक लाख पचासी हजारभन्दा बढीको विवरण दर्ता

किमाथाङ्का । संखुवासभामा राष्ट्रिय परिचयपत्र बनाउन एक लाख ८५ हजारभन्दा बढी नागरिकको विवरण दर्ता भएको छ ।

जिल्ला प्रशासन कार्यालय खाँदबारी र इलाका प्रशासन कार्यालय चैनपुरबाट विसं २०७६ साउन ३ गतेदेखि विवरण दर्ता सुरु गरिएको थियो । हालसम्म ९१ हजार तीन पुरुष र ९४ हजार ४२ महिलाले वितरण दर्ता गराएका राष्ट्रिय परिचयपत्र वितरण शाखा खाँदबारीका प्रमुख आशा जबेगुले जानकारी दिनुभयो । तीमध्ये २५ हजार कार्ड छपाइ भएका र १० हजार ७६१ जनाले कार्डसमेत पाइसकेको उहाँले बताउनुभयो ।

सरकारले राष्ट्रिय परिचयपत्र वितरणका लागि दोस्रो चरणमा प्रदेश कोशी प्रदेशका सङ्खुवासभा र झापाबाट दर्ता सङ्कलन सुरु गरेको थियो । राष्ट्रिय परिचयपत्रका लागि जिल्लाका १० वटा स्थानीय तहमा पुगेर घुम्ती शिविरमार्फत समेत दर्ता सङ्कलन गरिएको थियो । स्थानीय तहमा छुट भएका तथा नयाँ नागरिकता र राहदानीका लागिसमेत राष्ट्रिय परिचयपत्र अनिवार्य गरिएको छ । पछिल्लो समय नागरिकता र राहदानी बनाउनेको संख्या वृद्धि भएसँगै राष्ट्रिय परिचयपत्र दर्ता सङ्कलनको संख्या वृद्धि भएको शाखा प्रमुख जबेगुले बताउनुभयो ।

परिचयपत्र बनाउन नागरिकता, विवाह दर्ता, बसाइँसराइ कागजको सक्कल अनिवार्य गरिएको छ । विवरण दर्ता गराइए पनि कार्ड छपाइ प्रक्रिया सुस्त हुँदा जिल्लामा २०७७ असोजदेखि कार्ड नआएको जनाइएको छ । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

मेष : आजको दिन कार्यक्षेत्रमा निकै व्यस्त रहनुपर्नेछ ।
वृष : रोकिएका धार्मिक वा लामो दुरीका यात्राका योजनाहरु सफल हुनेछन् ।
मिथुन : आजको दिन स्वास्थ्यमा विशेष सावधानी अपनाउनुहोला ।
कर्कट : दाम्पत्य जीवनमा सुख र मधुरता छाउनेछ।
सिंह : तपाईका शत्रुहरु परास्त हुनेछन् ।
कन्या : बौद्धिक र सिर्जनात्मक कार्यमा सफलता मिल्नेछ ।
तुला : पारिवारिक वातावरणमा केही उतारचढाव आउन सक्छ ।
वृश्चिक : तपाईको साहस र पराक्रम बढ्नेछ ।
धनु : वाणीको प्रभावले बिग्रिएका कामहरु बन्नेछन् ।
मकर : चन्द्रमा आज तपाईको आफ्नै राशिमा रहनेछन् । आत्मविश्वास र उर्जा बढ्नेछ।
कुम्भ: वैदेशिक कार्य वा टाढाको यात्राका लागि समय अनुकूल छ ।
मीन: आम्दानीका नयाँ स्रोतहरु फेला पर्नेछन् ।

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५, ९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७, ९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# चितवनका विद्यालयलाई 'स्कुलबस सञ्चालन निर्देशिका' कार्यान्वयन गर्न अनुरोध



चितवन । भरतपुर महानगरपालिकाभित्र सञ्चालित स्कुल बसलाई निर्देशिका कार्यान्वयन गर्न निर्देशन दिइएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालयले महानगर क्षेत्रमा सञ्चालित स्कुल बसको यान्त्रिक परीक्षण तथा चालकको स्वास्थ्य परीक्षण गरेको थियो ।

तीन दिन लगाएर गरिएको परीक्षणका क्रममा निर्देशिका कार्यन्वयन नभएको पाइएपछि स्कुल बसलाई तत्काल स्कुल बस सञ्चालन निर्देशिका, २०७४ कार्यान्वयनका लागि निर्देशन दिइएको हो ।

कार्यालयका प्रमुख प्रहरी निरीक्षक अनिल थापाका अनुसार बजार क्षेत्रमा सञ्चालित विद्यालयका १४४ वटा बसको यान्त्रिक परीक्षण गरिएको थियो । सो क्रममा नियमिति मर्मत नभएका, चक्काको टायर नियमानुसार परिवर्तन नगरिएकोलगायत समस्या पाइएको उहाँले बताउनुभयो । निर्देशिका अनुसार बसमा फोहर फाल्ने डस्टबिन तथा अग्नि नियन्त्रण यन्त्र नभएको, प्राथमिक उपचारका लागि सामग्री नभएको पाइएपछि ती बसलाई तत्काल निर्देशिका कार्यान्वयनका लागि निर्देशन दिइएको प्रहरी निरीक्षक थापाले बताउनुभयो । उहाँले भन्नुभयो, "स्कुल बस निर्देशिका, २०७४ ले तोकेबमोजिम मापदण्ड पूरा नगर्ने बसलाई १५ दिनभित्र निर्देशिका कार्यान्वयनका लागि निर्देशन दिइएको हो ।"

कार्यालयले यही वैशाख २३ देखि २५ गतेसम्म विद्यालयका बसको यान्त्रिक परीक्षण तथा सवारी चालकको स्वास्थ्य परीक्षण गरेको थियो । सो क्रममा २५० जना सवारीचालक तथा परिचालकको स्वास्थ्य परीक्षण गरिएको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

कार्यालयले सोही क्रममा महानगरभित्र रहेका विद्यालयका बसको वायुप्रदूषणको अवस्थासमेत परीक्षण गरेको थियो । विद्यालयले सञ्चालनमा ल्याएका पुराना २५ वटा बसको वायुप्रदूषण मापन गरिएकामा आठ वटाले धुवाँ उत्सर्जन गरेको पाइएको थापाले जानकारी दिनुभयो ।


कार्यालयले वैशाख २४ र २५ गते वन तथा वातावरण मन्त्रालयअन्तर्गत वातावरण विभागको सहयोगमा वायु प्रदूषण मापन गरेको थियो । सार्वजनिक र विद्यालयका १७३ वटा बसको वायु प्रदूषण मापन गरिएको प्रहरी निरीक्षक थापाले उल्लेख गर्नुभयो ।

उहाँका अनुसार ५४ वटा सवारीसाधनले धुवाँ उत्सर्जन गरेको पाइएकाले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १६४ उपदफा (१) को खण्ड (च) अनुसार आवश्यक कारबाही गरिएको छ । साथै सम्भावित दुर्घटना न्यूनीकरण गर्नका लागि सचेतनामूलक कार्यक्रम पनि सञ्चालन गरिएको उहाँले बताउनुभयो । रासस

# गीताको उपदेश जीवनशैलीमा उतार्नुपर्ने

काठमाण्डु । श्रीमद्भागवत गीतामा भगवान् श्रीकृष्णले दिनुभएका उपदेश जीवनशैलीमा उतार्नुपर्नेमा जोड दिइएको छ । गीता पढेर यसलाई जीवनशैलीका रुपमा विकास गर्नुपर्नेमा गीता परिवार नेपालले आज यहाँ आयोजना गरेको कार्यक्रममा जोड दिइएको हो ।

कार्यक्रममा गीता पाठ ब्राह्मणले मात्र गर्ने अरूले अभियानमा जुटेको जानकारी दिनुभयो । गीताको अध्ययन, चिन्तन र मननबाट मन र बुद्धिको पोषण हुने भएकाले यसलाई सबै सनातन धर्मावलम्बीले अपनाउनुपर्नेमा उहाँले जोड दिनुभयो । मनुष्यमा आत्मविश्वासको पुनःस्थापना गर्ने काम पनि गीताको श्लोक अध्ययन एवं चिन्तन मननबाट हुने गरेको उहाँले सुनाउनुभयो ।



सुने क्रमको अन्त्य भएको पनि देखियो । धेरै मानिस 'गीता पढौँ, पढाऔँ, जीवनमा उतारौँ' भन्ने नाराका साथ गीताको ज्ञानलाई जीवनशैलीमा उतार्ने अभियानमा सहभागी भए । यही अभियानमा जुटेका मानिसका लागि गीता परिवार नेपालले आज यहाँ गीता मैत्री मिलन कार्यक्रमको आयोजना गरेको हो । कार्यक्रममा दिइएको जानकारीअनुसार मुलुकमा दैनिक १५ हजार बढी गीताको पाठ पारायण हुने गरेको छ ।

कार्यक्रममा ४० वर्ष अघि भारतबाट 'गीता परिवार' नामक अभियान सुरु गर्नुभएका गोविन्ददेव गिरी पनि सहभागी हुनुभएको थियो । श्रीराम जन्मभूमि अयोध्याका कोषाध्यक्षसमेत रहनुभएका उहाँले वेदको सार गीतामा भएकाले आफू यो

कार्यक्रममा गीता परिवार अन्तरराष्ट्रियका कार्यकारी अध्यक्ष डा आशु गोयलले १८२ देशका १६ लाख मानिसले नित्य गीताको साधना गर्ने गरेको जानकारी दिनुभयो । ती देशमा गीता परिवार फैलिएको उहाँले सुनाउनुभयो । सनातन धर्मका मूल्य, मान्यता मान्नेको परिवार नै गीता परिवार भएको कार्यकारी अध्यक्ष गोयलको भनाइ थियो ।

गीता परिवार नेपालकी अध्यक्ष सारिका अग्रवालले गीताको अध्ययन, अनुसन्धान, चिन्तन, मनन र साधना गर्नेको संख्या नेपालमा बढ्दै गएको बताउनुभयो । गीता परिवार नेपालका संस्थापक अध्यक्ष जयकिसन सारडाले कोरोनाकालमा अभियान फस्टाएको बताउनुभयो । रासस

# संविधान संशोधनबारे छलफल



काठमाण्डु । संविधान संशोधनका विषयमा संविधान संशोधन कार्यदल तथा विभिन्न राजनीतिक दल र विज्ञबीच छलफल भएको छ । 'फेडरालिजम एण्ड लोकलाइजेशन सेन्टर'ले आज यहाँ आयोजना गरेको 'संविधान संशोधनमा सङ्घीयता र प्रदेश संरचनाको सवाल' विषयक छलफल कार्यक्रममा सरकारले बनाएको संविधान संसोधन कार्यदलसँग राजनीतिक दलका नेता तथा विज्ञहरुबीच अन्तरक्रिया गरिएको हो ।

कार्यक्रममा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद तथा संविधान संसोधन कार्यदलका सदस्य मोहनलाल आचार्यले सबै विषयमा तल्लो तहसम्म खुला रुपमा छलफल गरेर संसोधनको मस्यौदा तयार पारिने बताउनुभयो ।

प्रदेशसभा सदस्यको स‌ट्‌या र मन्त्रालयको स‌ट्‌या घटाउन तथा निर्वाचन प्रणालीबारे सोच्न एवं सच्याउन सकिने उहाँको भनाइ थियो । केही संवैधानिक आयोगलाई जोडेर छाता आयोग बनाउन सकिने उहाँले उल्लेख गर्नुभयो । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) का तर्फबाट कार्यदल सदस्य देवप्रसाद गुरुङले समय अनुसार सुधार गर्नु राम्रो कुरा भएको उल्लेख गर्दै के संसोधन गर्ने भन्ने विषयमा राष्ट्रिय सहमति आवश्यक भएकामा जोड दिनुभयो । राष्ट्रिय सहमति बिना संविधान संशोधन गर्ने कुरा सजिलो नभएको उहाँको भनाइ थियो ।

नेपाली कांग्रेसका नेता तथा संविधानविद् राधेश्याम अधिकारीले सङ्घीयता विकेन्द्रीकरण मात्रै नभएर शक्ति बाँडफाँट पनि हो भन्दै लामो समयदेखि अधिकांश समय देशको शासकीय स्वरुप केन्द्रीकृत भएकाले हाम्रो मानसिकता पनि मूलरुपमा केन्द्रीकृत भएको बताउनुभयो । उहाँले प्रत्यक्ष निर्वाचित कार्यकारी नेपाल जस्तो देशमा जोखीमपूर्ण हुनसक्ने बताउनुभयो ।

नेकपा (एमाले) का नेता तथा संविधान संशोधन कार्यदलका सदस्य डा भीष्मराज अधिकारीले सरकार के के विषयमा संविधान संशोधन गर्न चाहन्छ भन्ने कुरा स्पष्ट नभएको बताउनुभयो । सङ्घीयता बलियो बनाउँदा देश बलियो हुने उहाँको भनाइ थियो ।

मधेस प्रदेशका पूर्वमुख्यमन्त्री लालबाबु राउतले सङ्घीयता मधेस प्रदेशको दबाबमा आएको भन्दै यसलाई सुरुआतदेखि नै कमजोर र अधिकारबिहीन बनाइएको आरोप लगाउनुभयो ।

बागमती प्रदेशका पूर्वमन्त्री तथा आदिवासी जनजाति महासङ्घका अध्यक्ष नीमा ह्योल्मो लामाले आदिवासी जनजातिका मुद्दा संबोधन हुनुपर्ने र सङ्घीयताको मूल मर्म नै प्रदेश संरचना भएको बताउनुभयो ।

कार्यक्रममा बागमती प्रदेशका मुख्यमन्त्री ईन्द्रबहादुर बानियाँ, लुम्बिनी प्रदेशसभा सदस्य नीमा गिरी, बागमती प्रदेश नीति योजना आयोगका पूर्वउपाध्यक्ष तथा भूमि विज्ञ डा जगत बस्नेत, बरिष्ठ अधिवक्ता तथा मधेस प्रदेशका पूर्वमुख्य न्यायाधिवक्ता सुरेन्द्र महतो, कर्णाली प्रदेश नीति योजना आयोगका पूर्वसदस्य डा दीपेन्द्र रोकाया, लेखक ईन्दु थारुलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो । रासस

# बुटवलमा मिडिया मन्थनः पत्रकारितासँगै सार्वजनिक सरोकारका विषयमा बहस

लुम्बिनी । नेपाल पत्रकार महासङ्घ, रुपन्देहीको आयोजनामा बुटवलमा जारी मिडिया मन्थन तथा राष्ट्रिय सञ्चार सम्मेलनमा पत्रकारितासँगै सार्वजनिक सरोकारका विषयमा बहस छलफल हुने भएको छ ।



कार्यक्रममा पत्रकारिताको अबको भविष्य, न्यू मिडिया र परम्परागत मिडिया, प्रश्नको घेरामा पत्रकारिता र आर्थिक सङ्कटमा मिडिया, अबको बाटो र लुम्बिनीको पर्यटनः पर्यटक र पैसा कसरी भित्र्याउनेलगायत विषयमा सरोकार भएका निकायका प्रतिनिधि र पत्रकारबीच छलफल हुने भएको हो ।

मिडिया मन्थनको आजको पहिलो सत्रमा 'लुम्बिनीको पर्यटनः पर्यटक र पैसा कसरी भित्र्याउने' विषयमा आयोजित छलफलमा सहभागीले लुम्बिनीमा पर्यटकको बसाइ अवधि लम्ब्याउन नसकेकोप्रति चिन्ता व्यक्त गरेका छन् ।

कार्यक्रममा लुम्बिनी सांस्कृतिक नगरपालिकाको कार्यवाहक नगरप्रमुख कल्पना हरिजनले लुम्बिनीका नाममा राज्यको लगानी अन्य ठाउँमा भइरहेको बताउनुभयो । उहाँले नगरपालिकाले पर्यटन र लगानी भित्र्याउने विषयलाई विशेष महत्त्व दिएको उल्लेख गर्नुभयो ।

पर्यटनविद् तथा लुम्बिनी विकास कोषका वरिष्ठ सूचना अधिकृत डा हरिध्वज राईले पर्यटकीय गन्तव्यको सौन्दर्यीकरण आवश्यक रहेकामा जोड दिनुभयो । "पर्यटकको बसाइ अवधि बढ्नेबित्तिकै पर्यटन क्षेत्रको विकास हुन्छ । पुस्ताअनुसार गन्तव्य फरक हुन सक्छन् । सबै उमेर समूहका रोजाइ फरक हुन सक्छन्", उहाँले भन्नुभयो ।

पर्यटन व्यवसायी सागर अधिकारीले कस्ता पर्यटक भित्र्याउने भन्नेमा स्पष्ट हुन जरुरी रहेको बताउनुभयो । उहाँले विभिन्न कानुनी झन्झटिला रहेकाले सोको समाधान सरोकार भएका निकायले गर्नुपर्ने धारणा राख्नुभयो । गुणस्तरीय पर्यटकीय पूर्वाधार आजको आवश्यकता रहेकामा जोड दिँदै उहाँले सरकारले व्यवसायीमैत्री नीति बनाउनुपर्ने बताउनुभयो ।

पर्यटन डिभिजन कार्यालय कोहलपुर, बाँकेका प्रमुख मुक्तिप्रसाद पाण्डेले पर्यटन क्षेत्रको विकासका लागि दृढ सङ्कल्पका साथ अघि बढ्नुपर्नेमा जोड दिनुभयो । उहाँले पर्यटन क्षेत्रको विकासका लागि लुम्बिनी प्रदेश सरकारले विभिन्न कार्यक्रम सञ्चालन गरेको बताउनुभयो ।

राष्ट्रिय समाचार समिति (रासस) लुम्बिनी प्रदेशका प्रमुख भरत केसीले लुम्बिनी र बुटवलमा आउने पर्यटकको रोजाइ फरक हुने भएकाले लुम्बिनीमा आउने पर्यटकको बसाइ अवधि लम्ब्याउनेतर्फ सरोकार भएका निकायले ध्यान दिनुपर्ने बताउनुभयो । "लुम्बिनीमा आउने पर्यटकको बसाइ अवधि किन लम्ब्याउन सकेनौँ ?", उहाँले प्रश्न गर्नुभयो ।

'टुर प्याकेज' बनाउँदा लुम्बिनीसहित अन्य गन्तव्यलाई समेटेर बनाउन आवश्यक रहेकामा उहाँले जोड दिनुभयो । पत्रकार सुदीप भण्डारीले व्यवसायी एकातिर र सरकार अर्कोतिर रहेकाले पर्यटन क्षेत्रमा अपेक्षित विकास हुन नसकेको बताउनुभयो ।

आजको मिडिया मन्थलनको दोस्रो सत्रमा 'प्रश्नको घेरामा मिडिया, कसरी जित्ने पाठक, दर्शक र श्रोताको मन ?' विषयमा आयोजित बहस तथा छलफलमा सहभागीहरूले पत्रकारले सधैँ सत्ता र शक्तिलाई प्रश्न गर्नुपर्नेमा जोड दिएका छन् ।

नेपाल पत्रकार महासङ्घका पूर्वअध्यक्ष शिव गाउँलेले पछिल्लो समय मिडियाले पस्कने सामग्रीको विश्वसनीयता र जगमाथि प्रश्न उठेको बताउनुभयो । उहाँले पत्रकारिता क्षेत्रले कमीकमजोरी सच्याएर अघि बढ्नपर्ने धारणा राख्नुभयो ।

जनआस्थाका सम्पादक किशोर श्रेष्ठले पत्रकारले पत्रकारिताको धर्म निर्वाह गर्न आग्रह गर्नुभयो । उहाँले 'म सत्यभन्दा बाहिर जाँदिन । जोखिम मोलेको छु । तथ्यले जित्छ । स्रोतलाई भगवान् मान्छु । मेरो स्रोत भगवान् हुन् ।' भन्ने सिद्धान्तसहित आफ्नो काममा निरन्तर लाग्नुपर्नेमा जोड दिनुभयो ।

समाधान दैनिकका केशवशरण लामिछानेले राम्रो 'कन्टेन्ट' र खोजमूलक समाचार दिए समस्या नआउने बताउनुभयो । कार्यक्रममा रासस लुम्बिनी प्रदेशका प्रमुख भरत केसी, पत्रकार भण्डारीसहित माया गौतम, तिलक सुवेदी, अर्जुन ज्ञवालीलगायतले वर्तमान अवस्थामा पाठक, श्रोता र दर्शकले मन पराउने विषय मिडियामा दिन नसक्दा परम्परागत मिडियामाथि प्रश्न उठेको बताउनुभयो ।

आजको तेस्रो सत्रमा 'आर्थिक सङ्कटमा मिडिया, अबको बाटो' विषयमा आयोजित छलफलमा सहभागीले विशेषगरी कोभिडपछि मिडिया क्षेत्र सङ्कटमा परेका बताएका छन् । कार्यक्रममा कान्तिपुर मिडिया ग्रुपका प्रमुख कार्यकारी अधिकृत महेश स्वाँरले मिडियाको उत्थानका लागि सरकारले योजनाबद्ध काम गर्नुपर्ने बताउनुभयो ।

बुटवल टुडेका प्रबन्ध सञ्चालक नवराज कुँवरले निजी क्षेत्रबाट सञ्चालित छापामाध्यम निःशुल्क प्रकाशनको व्यवस्था गर्नुपर्ने माग राख्नुभयो । नेपालगञ्ज दैनिकका सञ्चालक झलक गैरेले मिडिया संस्थागत गर्नुपर्नेमा उहाँले जोड दिनुभयो । कोभिडपछि आर्थिक क्षेत्र प्रभावित भएसँगै मिडियामा विज्ञापन पनि घट्दै गएका बताउनुभयो । न्युज एजेन्सी नेपालका अध्यक्ष कृष्णा पौडेलले सञ्चारगृह जति बलियो र स्थायित्व हुन्छन्, त्यति नै समाचार र समाचारीय मूल्य बलियो हुने धारणा राख्नुभयो । रासस

# कर्मचारीद्वारा क्यान्सर अस्पतालको आवास खाली गर्न अटेरी



चितवन । चीन सरकारको सहयोगमा निर्मित बिपी कोइराला स्मृति क्यान्सर अस्पतालको आवास गृहमा नियम विपरीत बसेका कर्मचारीहरुले आवास छाड्न अटेर गरेका छन् ।

अस्पताल प्रशासनले यही वैशाख १६ गते एक सूचना जारी गर्दै उनीहरुलाई तत्काल आवास छोड्न निर्देशन दिएको थियो । आपत्कालीन सेवामा परिचालन हुने चिकित्सक, परिचारक तथा परिचारिकालाई आवासको व्यवस्था गर्नु अस्पतालको दायित्व एवं प्राथमिकता भएकाले आवास खाली गर्न निर्देशन दिइएको हो ।

अस्पतालका भण्डार प्रमुख शिला रेग्मीका अनुसार अस्पतालमा सहायकस्तर, अधिकृतस्तर र चिकित्सकहरुका लागि छुट्टाछुट्टै आवासको व्यवस्था छ । सहायकस्तरका कर्मचारीका लागि १० वटा घर जहाँ ६० परिवार बस्न मिल्छ । अधिकृतस्तरका कर्मचारीका लागि ६ वटा घर १० वटामा एकल र अन्य १० वटा भवनमा दुई परिवार बस्नमिल्ने गरी आवास बनाइएका छन् ।

यसैगरी, चार परिवार बस्न मिल्ने छ वटा घरमा दुई वटामा चिनियाँ र चार वटामा यहाँका अधिकृत स्तरका कर्मचारी चिकित्सक बस्दै आएका छन् । चिनिया सहयोगमा निर्मित दुई भवनमा १८ परिवार छन् । सहायकस्तरका कर्मचारीका निम्ति बनाइएको ३६ वटा कोठामा १८ परिवारले आश्रय लिएका छन् ।

हालसम्म कसैले पनि आवास खाली नगरेका उहाँले जानकारी दिनुभयो । अस्पतालबाट २५ किलोमिटरको परिधिमा निजी आवास भएका कर्मचारीलाई आवास सुविधा नदिने नियम सम्झाँउँदै कोठा खाली गर्न सूचना जारी गरेको थियो । रासस

# प्रदूषण न्यूनीकरणका लागि सवारीसाधनको नियमित जाँच

काठमाण्डु । काठमाण्डु महानगरपालिका, वातावरण व्यवस्थापन विभागले काठमाडौँ उपत्यकामा बढ्दो वायु प्रदूषण न्यूनीकरणका लागि सवारीसाधनको जाँचलाई तीव्रता दिएको छ ।

विभागले उपत्यका ट्राफिक प्रहरी कार्यालयसँगको समन्वयमा यहाँ विभिन्न स्थानमा गुड्ने सवारीसाधनको नियमित प्रदूषण जाँच गर्दै आएको हो ।

उपत्यकामा वायुको गुणस्तर सुधार गर्ने उद्देश्यले सडकमा गुडिरहेका सवारीसाधनले तोकिएको मापदण्ड पालना गरे/नगरेको यकीन गर्न यो अभियान सञ्चालन गरिएको काठमाडौँ महानगरपालिकाले जनाएको छ ।

प्रदूषण जाँचका क्रममा सरकारले तोकेको मापदण्ड पूरा नगर्ने सवारीसाधनलाई प्रहरीले तत्कालै कानुनअनुसार कारबाहीको दायरामा ल्याउने गरेको छ । मापदण्ड विपरीतका सवारीसाधन चलाउँदा वायु प्रदूषण उल्लेख्य रूपमा बढ्ने भएकाले जरिवानासहित कारबाही प्रक्रिया अघि बढाएको हो । रासस

# जुवातास खेलिरहेको अवस्थामा २७ जना पक्राउ

काठमाण्डु । प्रहरीले मुलुकका विभिन्न स्थानमा जाँचका क्रममा जुवातास खेलिरहेको अवस्थामा २७ जनालाई पक्राउ गरेको छ । प्रहरीले दाङ, कास्की र ललितपुरमा जाँच गर्दा जुवातास खेलिरहेको अवस्थामा २७ जनालाई पक्राउ गरेको हो ।

दाङको तुलसीपुर उपमहानगरपालिका-५ का ७२ वर्षीय काशिराम विश्वकर्माको घरमा जुवातास खेलिरहेको अवस्थामा काशिरामसहित १० जनालाई इलाका प्रहरी कार्यालय तुलसीपुरबाट खटिएको टोलीले पक्राउ गरेको हो ।

कास्कीको पोखरा महानगरपालिका-१७ का ५५ वर्षीय धर्मदत्त गौतमको घरमा जुवातास खेलिरहेको अवस्थामा धर्मदत्तसहित नौ जनालाई वडा प्रहरी कार्यालय बैदामबाट खटिएको टोलीले पक्राउ गरेको हो ।

त्यस्तै, ललितपुरको महालक्ष्मी नगरपालिका-१ का ५० वर्षीय श्यामकुमार राईको घरमा जुवातास खेलिरहेको अवस्थामा श्यामकुमारसहित आठ जनालाई प्रहरी प्रभाग इमाडोलबाट खटिएको प्रहरीले पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ । रासस

**जिल्ला प्रशासन कार्यालय, धनुषा**

**सूचना**


उप्रान्त जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वडा नं. १५ बस्ने महेन्द्र साहु हलुवाईको श्रीमती रामकली देवी साहले अंगीकृत नागरिकता प्रमाण पत्र पाउँ भनी यस कार्यालयमा निवेदन पेश गरेको हुँदा राम कली देवी साहको श्रीमान् महेन्द्र साह हलुवाई हो, होइन ? निजलाई अंगीकृत नागरिकता प्रमाण पत्र दिएमा फरक पर्ने छ, छैन ? सो सम्बन्धी निज विरुद्ध कुनै प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र यस कार्यालयमा पेश गर्नु हुन सर्वसाधारण नागरिकको लागि सार्वजनिक सूचना प्रकाशित गरिएको छ ।

प्रशाकीय अधिकृत

**घर जग्गा खाली गरिदिने सूचना**

धनुषा जिल्ला भरपतुर ८/ग कि.नं. १४९, १५२, १५४ को जम्मा क्षेत्रफल ५ कट्ठा जग्गा र कच्चि घर १ समेत तपाई जोगेन्द्र महतो संग म हितदेवी सिंहले मिति २०७७/११/०२ मा खरिद गरी लिई खरिद गरेको मितिले ३ महिना भित्रमा घर जग्गा खाली गरी दिन्छु भने तापनि घर जग्गाको भाडा आयस्ता समेत नदिई तपाईले नै भाग चलन गरी आउनु भएकोमा आजको मिति देखि उक्त घर जग्गा खाली गरी दिनु हुन यो सूचना जारी गरिएको छा सूचना प्रकाशित भएको मितिले ३५ दिन भित्रमा घर जग्गा खाली गरी दिनु होला ।

सुचक :- हितदेवी सिंह



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# पूर्वी सीमामा सुरक्षा सतर्कता बढाउ

भारतको पश्चिम बंगालमा हालै सम्पन्न भएको विधान सभाको निर्वाचनबाट संघीय सत्तारुढ दल भारतीय जनता पार्टी(भाजपा)ले बहुमत प्राप्तगरी सरकार बनाएको छ ।लगातार तीन कार्यकालदेखि मुख्यमन्त्री रहेकी ममता बनर्जी सत्ताच्यूत भएकी छन् ।उनी सत्ताबाट बाहिरिएसँगै पश्चिम बंगालमा बंगलादेशी रोहिंगिया मुसलमानहरु विस्थापित हुने सम्भावना बढेको छ ।रोहिंगिया मुसलमानहरू भाजपा नेतृत्वको सरकारमा असुरक्षित महसुस गर्दै उनीहरुले पश्चिम बंगाल छाड्ने तयारी गर्न थालेको भारतीय सञ्चार माध्यमहरुले जनाएका छन् ।रोहिंगिया मुसलमानहरुले पश्चिम बंगाल राज्यबाट विस्थापित भए उनीहरु पाकिस्तान अथवा बंगलादेशमा फर्केर जाने सम्भावना अत्यन्त कमजोर छ ।रोहिंगिया मुसलमानहरुले सुरक्षित गन्तव्य नेपाललाई बनाउन सक्छन् ।पहिले पनि नेपालमा रोहिंगिया मुसलमानहरु विभिन्न नाकाबाट नेपालमा प्रवेश गरिसकेका छन् । नेपालमा रोहिंगिया मुसलमानहरुको संख्या यकिन नभए पनि कयौं हजार हुनसक्ने अनुमान गरिएको छ। नेपालमा उनीहरुले विभिन्न पेशागरी जीविकोपार्जन गरिरहेको बताइन्छ ।रोहिंगिया मुसलमानहरुले मुसलिम बस्तीमा नै बसोबास गरेको बढी देखिन्छ ।कतिपय भारतीय सञ्चार माध्यमले भाजपाले सरकार बनाएसँगै त्यहाँबाट रोहिंगिया मुसलमानहरु विस्थापित हुन थालेको उल्लेख गरेका छन् । पश्चिम बंगाल छाड्ने रोहिंगिया मुसलमानहरु नेपाल तर्फ आउने बलियो संभावना रहेकोले नेपाली सीमामा उच्च सतर्कता अपनाउन आवश्यक छ। 'वेस्ट बङ्गालमा भाजपाले बहुमत ल्याएर सरकार बनाएपछि त्यहाँ रोहिंगिया मुसलमानहरुमा हाहाकार भएको छ। त्यहाँबाट रोहिंगिया मुसलमानहरुको भागाभाग छ। इन्डियन मिडियाहरूमा छ्यापछ्याप्ती आइरहेको छ। भारतीय सञ्चार माध्यमहरुले मुस्लिमहरू टाउकोमा पोको बाँधेर भागिरहेका भिडियोहरू समेत सार्वजनिक गरेका छन् ।पश्चिम बंगालमा तृमुल कांग्रेस(टीएमसी)को हार भएसँगै रोहिंगिया मुसलमानहरु त्रसित भएका छन् ।सरकार बनाएको भाजपाले उनीहरुलाई त्यहाँ रहन नदिने निश्चित छ ।१७ लाख बढी रोहिंगिया मुसलमानहरुको नाम मतदाता सूचीबाट निर्वाचन आयोगले हटाइसकेको छ ।उनीहरु सबै रोहिंगिया मुसलमानहरु रहेको भाजपाको दाबी छ ।नेपालको काँकडभिठ्ठा लगायतका पूर्वी भूभाग पश्चिम बंगालको सीमासित जोडिएको छ ।त्यहाँ पनि खुल्ला सीमा नै रहेको छ ।रोहिंगिया मुसलमानहरुलाई नेपाल प्रवेश गर्न दिनु हुँदैन् ।घुसपैठको व्यापक सम्भावना रहेकोले सीमा क्षेत्रमा आवश्यकता अनुसार थप सुरक्षाबल तैनाथी गर्न पनि सरकार तयार रहनु पर्छ ।पश्चिम बंगालसित भारतको बिहार राज्यको सीमा पनि जोडिएकोले त्यहाँबाट पनि रोहिंगिया मुसलमानहरु नेपाल प्रवेश गर्नसक्ने जोखिम देखिन्छ ।पश्चिम बंगाल र बिहार राज्यसित जोडिएको नेपाली सीमामा निगरानी बढाउनु पर्छ ।रोहिंगिया मुसलमानहरु एकपटक नेपाल प्रवेश गरे उनीहरुलाई हटाउन बहुत मुश्किल हुन सक्छ ।

# सिन्धु जल सन्धि : असयमित दायित्व, असमान सहुलियत र पाकिस्तानको हतियारीकरण

**डा. प्रदीप कुमार सिन्हा**

दक्षिण एशियाको भू-राजनीतिमा पानी केवल प्राकृतिक स्रोत होइन, रणनीतिक शक्ति पनि हो। विशेषतः भारत र पाकिस्तानबीचको सम्बन्धमा सिन्धु नदी प्रणाली केवल नदीहरूको समूह नभई युद्ध, कूटनीति, कृषि, ऊर्जा र राष्ट्रिय सुरक्षासँग जोडिएको संवेदनशील विषय हो। यही पृष्ठभूमिमा सन् १९६० मा हस्ताक्षर भएको सिन्धु जल सन्धिलाई अन्तर्राष्ट्रिय कूटनीतिको ऐतिहासिक सफलता मानिँदै आएको छ। तर, गहिरो अध्ययन गर्दा यो सन्धि समान साझेदारीभन्दा बढी भारतको एकतर्फी उदारता र पाकिस्तानको रणनीतिक लाभको दस्तावेजका रूपमा देखिन्छ।

सन्धिले भारतलाई कानुनी रूपमा बाँध्यो, पाकिस्तानलाई स्थायी जलसुरक्षा दियो, तर बदला स्वरूप भारतले बारम्बार अवरोध, अन्तर्राष्ट्रिय प्रचारयुद्ध र आफ्नै विकास अवरुद्ध हुने अवस्था भोग्नुपर्‍यो। प्रश्न उठ्छ–के सिन्धु जल सन्धि वास्तवमै "न्यायपूर्ण" थियो, वा भारतको सद्भावनालाई संरचनात्मक रूपमा पाकिस्तानको पक्षमा प्रयोग गरिएको थियो ?

सिन्धु नदी प्रणालीमा छ प्रमुख नदीहरू–सिन्धु, झेलम, चेनाब, रावी, ब्यास र सतलज–समावेश छन्। यी नदीहरूले भारत र पाकिस्तान दुवै देशको कृषि, पिउने पानी तथा ऊर्जा उत्पादनलाई जीवन्त राखेका छन्। १९४७ मा ब्रिटिश भारत विभाजन हुँदा नदी प्रणाली पनि दुई नयाँ राष्ट्रबीच बाँडियो। भौगोलिक रूपमा भारत माथिल्लो नदी किनारको राष्ट्र थियो, जहाँ अधिकांश नदीहरूको मुहान पर्दथ्यो। पाकिस्तान भने तल्लो बहावमा रहेको कृषि-निर्भर राष्ट्र थियो, जसको पञ्जाब क्षेत्र भारतीय भूभागबाट बग्ने पानीमा निर्भर थियो।

यही निर्भरताले पाकिस्तानलाई जलसुरक्षाको चिन्तामा राख्यो। भारतले चाहे तत्कालै पानी नियन्त्रण गरेर पाकिस्तानमाथि दबाब सिर्जना गर्न सक्थ्यो, तर नयाँ स्वतन्त्र राष्ट्रको रूपमा भारतले सहअस्तित्व र स्थिरतालाई प्राथमिकता दियो। विश्व बैंकको सहजीकरणमा सुरु भएको वार्ताले अन्ततः १९ सेप्टेम्बर १९६० मा सिन्धु जल सन्धिको रूप लियो। तर, यहीँबाट असमानताको कथा सुरु हुन्छ।

### वार्ताको प्रक्रिया : भारतले सहकार्य गर्‍यो, पाकिस्तानले ढिलाइ

सन्धिको प्रारम्भिक चरणमै भारत र पाकिस्तानको दृष्टिकोणमा स्पष्ट अन्तर देखियो। भारतले समाधान खोज्यो, पाकिस्तानले अधिकतम लाभ खोज्यो। ५ फेब्रुअरी १९५४ मा विश्व बैंकले प्रस्तुत गरेको पहिलो ठोस प्रस्तावमै भारतमाथि कठोर सीमाहरू राखिएका थिए।

त्यस प्रस्ताव अनुसार भारतले सिन्धु र चेनाब नदीमाथिका आफ्ना धेरै योजनाबद्ध परियोजनाहरू त्याग्नुपर्ने थियो। चेनाब नदीबाट लगभग ६ मिलियन एकर फिट पानी मोड्ने सम्भावना समाप्त पारियो। मेराला क्षेत्रमा भारतीय उपयोगको सम्भावना हटाइयो। कच्छ क्षेत्रमा नदी प्रणालीको विकासमा समेत रोक लगाइयो।

यी सबै प्रतिबन्धका बाबजुद भारतले तत्काल सकारात्मक प्रतिक्रिया दियो। यसको कारण थियो–स्थिरता र दीर्घकालीन शान्तिको चाहना। तर पाकिस्तानले भने लगभग पाँच वर्षसम्म औपचारिक स्वीकृति नै दिएन। १९५८ सम्म उसले वार्तालाई तन्काएर भारतलाई रणनीतिक रूपमा सीमित बनाइरह्यो।

यस प्रक्रियाले पाकिस्तानलाई एउटा स्पष्ट पाठ सिकायो–अवरोध सिर्जना गर्दा थप सहुलियत पाइन्छ, जबकि सहकार्य गर्दा मूल्य चुकाउनुपर्छ।

सन्धिको सबैभन्दा विवादास्पद पक्ष पानीको वास्तविक बाँडफाँड हो। भारतलाई पूर्वी नदीहरू–रावी, ब्यास र सतलज–दिइयो, जसको



वार्षिक प्रवाह लगभग ३३ मिलियन एकर फिट थियो। पाकिस्तानलाई पश्चिमी नदीहरू–सिन्धु, झेलम र चेनाब–दिइयो, जसको वार्षिक प्रवाह करिब १३५ मिलियन एकर फिट थियो।

अर्थात् सम्पूर्ण प्रणालीको लगभग ८० प्रतिशत पानी पाकिस्तानले पायो, जबकि भारतले केवल २० प्रतिशतमा सीमित हुनुपर्‍यो।

यो अझ रोचक तब बन्छ जब सम्झनुपर्छ कि भारत माथिल्लो नदी किनारको राष्ट्र थियो। अन्तर ाष्ट्रिय नदी कानूनमा सामान्यतः माथिल्लो राष्ट्रको अधिकार बढी हुन्छ। तर सिन्धु सन्धिमा भारतले आफ्नै भौगोलिक लाभलाई त्याग्दै पाकिस्तानलाई दीर्घकालीन जलसुरक्षा ग्यारेन्टी गर्‍यो।

भारतले के पायो ? केवल ती नदीहरूमा औपचारिक मान्यता, जसको प्रयोग उसले पहिल्यै गरिरहेको थियो।

सन्धिको सबैभन्दा असामान्य पक्ष आर्थिक व्यवस्थापन थियो। भारतले पाकिस्तानलाई लगभग ६२ मिलियन पाउन्ड क्षतिपूर्ति स्वरूप तिर्न सहमति जनायो, जसको वर्तमान मूल्य करिब २.५ अर्ब अमेरिकी डलर बराबर हुन्छ।

यो रकम पाकिस्तानमा जल पूर्वाधार निर्माणका लागि प्रयोग गरियो, ताकि भारतबाट छुटाइएका नदीहरूको विकल्प तयार गर्न सकियोस्।

अन्तर्राष्ट्रिय सम्बन्धको इतिहासमा यस्तो उदाहरण विरलै पाइन्छ, जहाँ माथिल्लो राष्ट्रले आफ्नै जलअधिकार त्याग्नुका साथै त्यसको "विशेषाधिकार" का लागि तल्लो राष्ट्रलाई थप रकम पनि तिर्छ।

सन्धिले भारतमाथि विस्तृत प्राविधिक तथा सञ्चालनगत प्रतिबन्धहरू लगायो। पश्चिमी नदीहरूमा भारतले सीमित मात्रामा सिँचाइ गर्न पाउने व्यवस्था गरियो। जलाशय निर्माणमा कडा सीमा तोकियो। जलविद्युत परियोजनाको डिजाइनसमेत पाकिस्तानको आपत्तिको दायराभित्र राखियो।

भारतले आफ्नो भूभागभित्र कुनै परियोजना बनाउँदा पनि पोखरीको गहिराइ, पानी रोक्ने क्षमता, टर्बाइनको संरचना जस्ता विषयमा पाकिस्तानले आपत्ति जनाउन सक्ने व्यवस्था राखियो। तर पाकिस्तानमाथि यस्ता कुनै समान प्रतिबन्ध थिएनन्।

यसले सन्धिलाई समान साझेदारीभन्दा बढी एकतर्फी नियन्त्रणको संरचना बनायो।

### पाकिस्तानको रणनीति : सन्धिलाई विकास अवरोधको हतियार बनाउने

सन्धिपछि पाकिस्तानले यसको उपयोग सहकार्यका लागि भन्दा बढी भारतको विकास रोक्नका लागि गर्‍यो। भारतले पश्चिमी नदीहरूमा अघि बढाएका लगभग सबै प्रमुख जलविद्युत परियोजनाहरू पाकिस्तानको आपत्तिमा परे।

बगलिहार, किशनगंगा, पाकल दुल, तुलबुल–सबै परियोजनाहरू अन्तर्राष्ट्रिय मध्यस्थता, प्राविधिक विवाद वा कानुनी प्रक्रियामा तानिए। यस्ता विवादहरूले वर्षौंसम्म परियोजनाहरू रोकिए, लागत बढ्यो र ऊर्जा उत्पादन ढिलाइ भयो।

धेरै अवस्थामा पाकिस्तानले परियोजनाले उसैलाई बाढी नियन्त्रण वा नियमित प्रवाहमा फाइदा पुर्‍याउने स्वीकार गर्‍यो, तर विरोध भने जारी राख्यो। यसले देखाउँछ कि वास्तविक उद्देश्य सन्धि संरक्षण होइन, भारतको विकास रोक्नु थियो।

विशेषतः जम्मू-कश्मीर क्षेत्रमा जलविद्युत विकासलाई अवरुद्ध गर्नु पाकिस्तानको दीर्घकालीन रणनीतिक उद्देश्यजस्तै बन्यो।

भारतले कहिल्यै सन्धि उल्लंघन नगरे पनि पाकिस्तानले लगातार भारतलाई "पानीलाई हतियार बनाउने राष्ट्र" का रूपमा चित्रित गर्ने प्रयास गर्‍यो।

पाकिस्तानी अधिकारी, शिक्षाविद् र कूटनीतिज्ञहरूले अन्तर्राष्ट्रिय मञ्चहरूमा बारम्बार भारतले पाकिस्तानको पानी रोक्ने खतरा रहेको दाबी गरे। जबकि यथार्थ उल्टो थियो–भारतले १९६५, १९७१ र १९९९ को युद्धका समयमा समेत पानी रोकेको थिएन।

यहाँसम्म कि पाकिस्तानबाट निरन्तर राज्य-प्रायोजित आतंकवाद भइरहेका बेला पनि भारतले सन्धिको पूर्ण पालना गरिरह्यो।

विडम्बना के छ भने, सन्धिको सबैभन्दा इमानदार पक्ष भारत रह्यो, तर अन्तर्राष्ट्रिय प्रचारमा "खतरनाक पक्ष" का रूपमा चित्रित गरियो।

### जम्मू-कश्मीरको दबिएको सम्भावना

सन्धिको सबैभन्दा गम्भीर प्रभाव जम्मू-कश्मीरमा परेको छ। विशाल जलविद्युत क्षमता हुँदाहुँदै पनि कठोर डिजाइन प्रतिबन्ध, पाकिस्तानी आपत्ति र लामो कानुनी प्रक्रियाले गर्दा क्षेत्रको ऊर्जा विकास सीमित रह्यो।

स्थानीय जनताले सन्धिलाई साझा समृद्धिको माध्यम होइन, आफ्नै प्राकृतिक स्रोत प्रयोग गर्न नदिने संरचना रूपमा हेर्न थालेका छन्।

ऊर्जा अभाव, सीमित उद्योग र कमजोर पूर्वाधारले जम्मू-कश्मीरको आर्थिक सम्भावनालाई दशकौं पछाडि धकेल्यो।

सिन्धु जल सन्धिको मूल भावना "सद्भावना र मित्रता" मा आधारित थियो। तर प्रश्न उठ्छ–के त्यो वातावरण अझै अस्तित्वमा छ ?

२००१ को भारतीय संसद आक्रमण, २००८ को मुम्बई हमला, कारगिल द्वन्द्वदेखि २०२५ को पहलगाम आक्रमणसम्म पाकिस्तानमाथि राज्य-प्रायोजित आतंकवादका गम्भीर आरोप लाग्दै आएका छन्। यस्तो अवस्थामा भारतमाथि मात्र सद्भावनाको दायित्व कायम रहनु स्वाभाविक प्रश्न होइन।

द्विपक्षीय सन्धि एकतर्फी नैतिकता होइन। यदि एक पक्षले लगातार अन्तर्राष्ट्रिय आचरण उल्लंघन गर्छ भने अर्को पक्षले आफ्नो रणनीतिक हित पुनर्मूल्यांकन गर्नु अस्वाभाविक हुँदैन।

भारतले अहिले उठाएको प्रश्न यही हो–के आतंकवादलाई निरन्तर संरक्षण गर्ने राष्ट्रले जलसुरक्षाको पूर्ण ग्यारेन्टी स्वतः पाउनुपर्छ ?

सिन्धु जल सन्धिलाई दशकौंसम्म शान्तिको प्रतीक भनियो। तर गहिरो रूपमा हेर्दा यो भारतको उदारता र पाकिस्तानको रणनीतिक लाभबीचको असन्तुलित सम्झौता देखिन्छ।

भारतले ८० प्रतिशत पानी त्याग्यो। पाकिस्तानलाई आर्थिक सहयोग गर्‍यो। आफ्नै भूभागमा प्रतिबन्ध स्वीकार गर्‍यो। युद्ध र आतंकवादका बीच पनि सन्धि पालना गरिरह्यो।

बदला स्वरूप उसले के पायो ? विकास अवरोध, अन्तर्राष्ट्रिय प्रचारयुद्ध र आफ्नै सीमावर्ती क्षेत्रको अविकास।

यसैले भारतले अहिले सिन्धु सन्धिको पुनर्मूल्यांकनको कुरा उठाउनु आक्रामकता होइन; त्यो दशकौं लामो असमानताको पुनर्समीक्षा हो।

अन्ततः कुनै पनि सन्धि स्थायी तबसम्म रहन्छ, जबसम्म त्यसले दुवै पक्षलाई न्यायको अनुभूति गराउँछ। जब एउटा पक्षले सद्भावनालाई कमजोरी ठान्न थाल्छ, तब सुधार केवल विकल्प होइन–आवश्यकता बन्छ।

लेखक भारतका पूर्व सिंधु जलआयुक्त हुन

# सीमाना विवादको अर्थपूर्ण समाधानको खाँचो



**श्रीमन नारायण**

भगवान शिव र माता पार्वतीको बासस्थान मानिएको कैलास मानसरोवरको यात्रा गर्नुलाई प्रत्येक सनातनी हिन्दुहरु आफनो जीवनको ठुलो महत्वपूर्ण एवं पुण्य कर्म ठान्ने गर्दछ। कैलास मान सरोवरको यात्रा तीर्थालुहरुले गर्न सकुन भन्ने उद्देश्यले भारत र चीनबीच हालै एउटा सम्झौता भएको छ, जसमा भारतीय यात्रीहरु लिपुलेक भन्ज्याङ भएर कैलाश मानसरोवरको यात्रा गर्नेछन् । नेपालले आठ वर्ष अघि जारी गरेको एउटा नयाँ नक्सामा लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई आफनो भूभागको रुपमा देखाएको छ जबकी भारतले भने यसलाई आफनो भूभाग मान्दै आएको छ । भारत र चीनबीट हालै भएको यस सम्झौता प्रति नेपालले आफनो असहमती जनाउँदै प्रेसनोट जारी गरेको छ, जसमा भारत सरकारलाई उक्त क्षेत्रमा सडक निर्माण वा विस्तार सीमा व्यापार र तीर्थाटन जस्ता कुनै पनि क्रियाकलाप नगर्न आग्रह गरेको छ । नेपालले लिपुलेक क्षेत्र, नेपाली भूभाग रहेको विषयमा उत्तरी छिमेकी चीनलाई पनि अवगत गराएको छ । नेपाल र भारतबीचको घनिष्ठ तथा मैत्री सम्बन्धको मर्म र भावना अनुरुप ऐतिहासिक सन्धि-सम्झौता तथ्य नक्सा तथा प्रमाणका आधारमा सीमा समस्याको समाधान कूटनीतिक माध्यमवाट गर्न नेपाल सरकार सधैं प्रतिबद्ध रहेको भनिएको छ। दक्षिण छिमेकी भारतले भन्ने, लिपुलेक पासलाई सन् १९५४ देखि नै कैलास मान सरोवर यात्राको लागि भारतवाट प्रयोग भईरहेकोले यो पुरानो र निरन्तर मार्ग भएको दावी गर्दै नेपालको क्षेत्रीय दावीहरुलाई "अपुष्ट र कृत्रिम" विस्तार भन्दै ऐतिहासिक तथ्यमा आधारित नरहेको टिप्पणी गरेको छ तर नेपालसँगका सीमा समस्याहरु संवाद र कुटनीतिक माध्यमवाट समाधान गर्न भारत सधैँ खुला रहेको बताएको छ। तात्कालिन नेकपा सरकारका प्रधानमन्त्री के.पी. शर्मा ओलीले सत्ताधारी पार्टी भित्रको अन्तरकलहलाई रोक्न विना कुनै पूर्व तयारी हतार हतारमा नयाँ नक्सा जारी गर्न लगाएका थिए। त्यसपछि पनि ओली २ पटक प्रधानमन्त्री भए तर नक्सा अनुसारको भूभाग पाउने तर्फ ध्यान नै दिएनन् ? सिमाना जस्तो सम्वेदनशील एवं गम्भीर विषयमा तथ्य तर्क र ऐतिहासिक नक्सा तथा प्रमाण हुनु, आवश्यक हुन्छ।

भारतले आफनो संविधानको धारा ३७० र संविधानको अनुसूची ३५ "ए" संशोधन गरी जम्मु एवं काश्मिर प्रान्तलाई विभाजित गरी लद्याखलाई र जम्मु एवं काश्मिरलाई दुईवटा छुटा छुटै केन्द्र शासित प्रदेश बनाएका कारण नयाँ भौगोलिक नक्सा जारी गर्‍यो। भारतमा प्रदेशहरुको संख्यामा थप घट भएपछि नयाँ नक्सा जारी गरिन्छ। भारतले जारी गरेको नयाँ नक्सामा महाकाली नदी पूर्वका केही नेपाली भूभागलाई आफनो देशको नक्सामा देखायो भन्दै नेपालमा भारतीय नक्साको विरोध भयो। नेपालको संसदले सर्व सम्मतिबाट एउटा नयाँ नक्सा जारी गरी लिपुलेक, लिम्पियाधुरा र कालापानीलाई आफनो भुभाग भएको दावी गर्‍यो। नेपालले नयाँ नक्सा जारी गरेपछि दुई देशबीचको सिमाना विवादमा कटुता थपियो।

सन् २०१५ मे मा कालापानी नजिकको लिपुलेक (भन्ज्याङ) बाट व्यापार प्रबर्द्धन तीर्थाटन तथा आवागमन सुचारु गर्न भारत र चीनले संयुक्त विज्ञप्ति जारी गरेपछि त्यसको विरोध गर्दा चीनले नेपालसित प्रमाणित गर्न सुझाएको थियो। चीनले त्यतिबेला नेपालसित प्रमाण माग्नुको कारण पनि थियो। किनभने सन् १९५५ मा नेपाल-चीन दौत्य सम्बन्ध कायम हुनुअघि नै सन् १९५४ मा भारत-चीनबीच हस्ताक्षरित तिब्बत सम्बन्धी सम्झौतामा दुवै मुलुकले आफनो सीमा व्यापार प्रवर्द्धन गर्न लिपुलेक नाका नै रोजेका थिए। त्यसबेला नेपालको कुनै प्रसंग उठेन। सन् १९९९ मा तत्कालीन भारतीय विदेशमन्त्री जसवन्त सिंहको चीन भ्रमणका बेला लिपुलेकलाई व्यापारिक नाकाको रुपमा विस्तार गर्ने सहमती भएको थियो। सन् २००५ मा पनि भारत-चीनबीच लिपुलेक भन्ज्याङ्गलाई सीमा मिलन विन्दु मान्ने सहमती भएको थियो। यस्तै सन् २०१५ मे मा पनि भारत र चीनबीच लिपुलेक नाकावाट सीमा व्यापार अघि बढाउने सहमती भएको थियो। उपरोक्त सहमतिवाट हाम्रा सरकारहरु अनभिज्ञ रहने कुरै भएन। नेपाली काँग्रेस, एमाले र माओवादी नै विगत साढे तीन दशक देखि राष्ट्रिय राजनीतिको मुल खिलाडीको रुपमा रही आएका छन् तर त्यतिबेला सम्म आपत्ति जनाएन। यतिका वर्षसम्म हाम्रो देशका राजनीतिक दल, तिनका नेता, ती दल सम्बद्ध कथित बुद्धिजीवी र सिमाविज्ञहरु के हेरेर बसेका थिए ? खास समस्याको पहिचान गरेर समाधानका लागि मौका आउँदा आफनो नेतृत्व नलिने, अरुको काममा सहभागी र सिर्जनात्मक भूमिका नखेल्ने, आफुले मौकामा समाधान गर्न नसकेको समस्या बोध नगर्ने, समस्यालाई यथावत राखेर प्रतिक्रियाको राजनीति गर्ने समुह नेपालमा बढी हावी भएको देखिन्छ। पन्चायतको ३० वर्ष पनि राष्ट्रियता र मातृभूमिको रक्षा गर्ने नाममा नै टिकेको थियो। स्व.खुम बहादुर खडकाले त तत्कालिन पंचायतको सहमती मै कालापानी भारतलाई र सगरमाथाको उत्तरी पाटो चीनलाई दिइएको थियो आरोप लगाएका थिए। आफनो असफलता र कमी कमजोरीलाई ढाकछोप गर्न देशका राजनीतिक दलहरुले नक्साको राजनीति गर्ने काम गरे। नबोल्ने ठाउँमा बढी बोल्ने तर बोल्ने ठाउँमा नबोल्ने प्रवृति नेपालको लागि हानीकारक सावित हुँदै आएको छ। यस चरित्रका कारण नै नेपाली नेताहरुको विश्वसनियता माथि पनि अन्तर्राष्ट्रिय जगतमा प्रश्न उठने गरेको छ।

नेपालको संविधान २०७२ लाई संविधानको दुई तिहाई बहुमतवाट जारी गरिएको थियो। संविधानको निर्माणमा नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र राप्रपा नेपालको महत्वपूर्ण, सक्रिय एवं पूर्ण सहभागिता थियो तर नेपालको संविधान २०७२ को अनुसूची-१ मा निशान छाप भित्र राखिएको नेपालको नक्सामा कालापानी, लिपुलेक र लिम्पियाधुराको भूभागलाई राखिएको थिएन। नेपालको नापी विभागवाट प्रकाशित सबै प्रकारका नक्सामा लिपुलेक-कालापानीलाई नेपालकै सीमा रेखा भित्र अङ्कित गरिएको छ तर त्यसमा पनि लिम्पियाधुरा छैन, जबकी लिम्पियाधुरालाई नै महाकाली नदीको उदगम विन्दु मानिन्छ। यसलाई सामान्य त्रुटी कसरी मान्ने ? नेपाल र भारतबीच भएको महाकाली नदी सम्झौतामा पनि महाकाली नदीलाई केही खास खास ठाउँ (मेन स्ट्रीप) मा मात्रै सिमाना नदी मानिएको छ।


नदीको कटान तथा प्रवाहका कारण सिमाना विवाद उत्पन्न हुनुलाई स्वभाविकै मानिन्छ। ऐतिहासिक तथ्य एवं प्रमाणको आधारमा आपसी सहमतिमा यसको समाधान गर्न सकिन्छ।

नेपाल-भारत संयुक्त प्राविधिक समितिले २६ वर्ष सम्म लगातार तयार गरेको १८२ स्ट्रिप म्याप्सका साथै ९८ प्रतिशत रेखाङ्कन कार्य सकिएको छ। साढे आठ हजार भन्दा बढी पिलर गाडिएको छ। सुस्ता लगायत केही ठाउँमा विवाद देखिन्छ तर त्यो नदीको प्रवाह र कटानका कारणले हो। संयमित तर सक्रिय कुटनीतिद्धारा द्धीपक्षीय समझदारीमा पुग्न निरन्तर प्रयास जारी राख्नुपर्छ। सीमा क्षेत्रलाई राजस्व असुलने मुख्य आधार र यसैसित सम्बन्धित गतिविधि नियन्त्रण गर्नमा मात्रै हामी सिमित रहयो। परराष्ट्र सम्बन्ध, सीमा र राष्ट्रिय सुरक्षाको सवालमा आम सहमति कायम हुनु आवश्यक मानिन्छ। काठमाण्डौंमा एउटा कुरा गर्ने र नयाँ दिल्लीमा अर्को कुरा गर्ने प्रवृतिले पनि नेपालको ठुलो अहित गर्दै आएको छ।

राजनीतिक लाभको निम्ति संवेदनशील मुद्दाको समाधान नगर्ने बरु यसलाई राजनीतिक मुद्दा बनाएर, लामो समयसम्म चुनावी लाभ लिने प्रवृति पनि कम घातक छैन। सन्धि सम्झौता गर्दा एक एक शब्द र अक्षरलाई केलाएर पढनुपर्छ। कहिलेकाही सन्धि सम्झौतामा दोहोरो अर्थ लाग्ने शब्दको पनि प्रयोग भएको हुन्छ। सिमाना विषयको समाधान शान्तिपूर्ण वार्तावाट नै संभव छ।

नेपाल र भारत बीचको सम्बन्धको इतिहास, आत्मनिर्भरता त्यसका विविधता, विशेषता तथा दुई देशका जनताबीचको सम्बन्ध र मूल्य एवं मान्यतालाई समेत ध्यान नदिई अतिवादी चिन्तनको प्रदर्शन गर्नुलाई अदुरदर्शिता मानिन्छ। जति सुकै विषम परिस्थिति आए पनि राजा (शासक), सन्यासी र बुद्धिमान पुरुष संकटको समयमा पनि आफनो मर्यादाको उल्लंघन गर्दैनन्। क्षणिक आवेगमा र आक्रोशमा आएर सिमानाको विषयलाई अर्न्तराष्ट्रिय कारण, अन्तर्राष्ट्रिय न्यायालय सम्म जाने कुरा पनि दुरदर्शी होईन। एउटा स्वतन्त्र एवं सार्वभौम सम्पन्न देश भएको नाताले हामीसित सबै विकल्प उपलब्ध छ तर कुनै पनि पाईला चाल्नु पूर्व हामीले त्यसको सबै पक्षवारे ध्यान दिनु आवश्यक छ। देश र जनताको हितमा निर्णय लिनु सरकारको कर्तव्य हो तर त्यो दुरदर्शी एवं परिपक्व हुनुपर्छ।

# 'निर्मल लामाको निधनले नेपालको वामपन्थी आन्दोलनमा ठुलो क्षति भयो'



**टुडे समाचारदाता**

काठमाण्डु । नेकपा(मसाल) का महामन्त्री मोहनविक्रम सिंहले दिवङ्गत वामपन्थी नेता निर्मल लामा र आफूबिच सङ्घर्ष र एकताको सम्बन्ध रहेको बताएका छन् । २६औँ निर्मल लामा स्मृति दिवसको अवसरमा आइतबार काठमाडौँमा आयोजित कार्यक्रममा सिंहले उनको निधनले वामपन्थी र प्रजातान्त्रिक आन्दोलनमा धेरै क्षति पुगेको बताएका हुन् ।

'नेपालको वामपन्थी र प्रजातान्त्रिक आन्दोलनमा उहाँको लामो योगदान छ । कम्युनिस्ट आन्दोलनमा धेरै महत्त्व छ । हामीबिच मतभेद रहे पनि घनिष्ठ सम्बन्ध रहेको थियो । दरभंगा प्लेनममा पनि सँगै काम गरेका थियौँ । संविधानसभाको पक्षमा उहाँको महत्वपूर्ण योगदान रहेको थियो', सिंहले भने, ' खासगरी २०२५ सालपछि पार्टीलाई एकताबद्ध बनाउन महत्त्वपूर्ण भूमिका खेल्नुभयो । २०३१ सालमा नेकपाको चौथो महाधिवेशन भयो । त्यस पार्टी नै ठुलो पार्टी थियो । पार्टीमा काम गर्ने सिलसिलामा हामीबिच मतभेद भए । तर मतभेद र एकीकरणको सम्बन्ध रह्यो ।'

सिंहले पञ्चायती चुनावलाई उपयोग गर्ने, नेपाली कांग्रेसलाई हेर्ने दृष्टिकोण लगायत विषयमा आफूहरूबिच गम्भीर मतभेद रहेको स्मरण गरे ।

२०४० सालमा आफू र लामा नहुँदा पार्टी नै विभाजन भएको उनले स्मरण गरे । त्यस विभाजनले वामपन्थी आन्दोलनलाई ठुलो क्षति भएको सिंहले बताए ।

लामाको अन्तिम जीवनकालमा आफूहरूबिच घनिष्ठ सम्बन्ध रहेको पनि उनको भनाइ छ ।

# सुरक्षित स्थानमा स्थानान्तरण गरी भूमिहीनलाई लालपूर्जा उपलब्ध गराउँछौँ: सभापति लामिछाने




काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सभापति रवि लामिछानेले जोखिमपूर्ण ठाउँमा बसेका नागरिकलाई सुरक्षित स्थानमा स्थानान्तरण गरी भूमिहीनलाई लालपूर्जा उपलब्ध गराउने प्रक्रिया अघि बढेको बताउनुभएको छ ।

रास्वपाको पार्टी-संसद्-सरकार समन्वय समितिले आज यहाँ आयोजना गरेको विपद् जोखिम न्यूनीकरण र व्यवस्थापनसम्बन्धी 'नीति मन्थन' कार्यक्रममा सभापति लामिछानेले खोला किनारमा बाढी र पहिरोको जोखिममा रहेका नागरिकलाई पहिलो प्राथमिकतामा राखेर व्यवस्थापन गरिएको बताउनुभयो ।

"सरकारले निकै द्रूत गतिमा भूमिहीनको हकअधिकार प्रदान गर्दैछ, जोखिमपूर्ण क्षेत्रमा रहेका नागरिकलाई त्यहीँ राखिरहेर ठिक गरियो कि, त्यसलाई समाधान गर्न कदम चालेर ठिक गरियो ?" सभापति लामिछानेले प्रश्न गर्नुभयो । जोखिमपूर्ण क्षेत्रका स्थानान्तरण गरिएका नागरिकको व्यवस्थापनलाई चुस्त र मानवीय बनाउन सरकार कटिबद्ध रहेको उहाँले उल्लेख गर्नुभयो ।

सभापति लामिछानेले नागरिकको भावनासँग जोडिएको विषयलाई राजनीतिक हतियार बनाउनु गलत भएको बताउनुभयो । "तीसौँ वर्षदेखि खोलाको छेउमा दुर्गन्ध र अस्वस्थता तथा असुरक्षाका बीच नागरिकले रात काटेको विषयमा त्यति धेरै चिन्ता भएन, तर त्यसलाई व्यवस्थित ढङ्गबाट समाधान गर्न सरकारले चालेको कदमका बारेमा असंवेदनशील भएर टिप्पणी गरिनु न्यायसङ्गत भएन", उहाँले भन्नुभयो ।

भोटका लागि राजनीति गर्ने युगबाट सम्पूर्ण राजनीतिक दल बाहिर निस्कनुपर्नेमा जोड दिँदै सभापति लामिछानेले जोखिममा रहेका नागरिकको जीउधनको रक्षा गर्न सत्ता पक्ष र प्रतिपक्ष विभाजित हुन नहिने बताउनुभयो । "नदी किनारमा, ढल बगेको ठाउँमा, प्रदूषणको सामुन्ने ३०औँ वर्ष बिताउँदा कति नागरिकको अल्पायूमै ज्यान गयो होला र कतिको भविष्य अन्धकार भयो होला ? आज त्यसका बारेमा चासो दिइयो ?", उहाँले प्रश्न गर्नुभयो ।

सभापति लामिछानले सीमित स्रोत साधनका बाबजुद विपद् व्यवस्थापनमा उत्कृष्टता प्रदर्शन गरिरहेका निकायको क्षमतालाई एकीकृत गरेर क्षति कम गर्ने प्रयास गर्नुपर्नेमा जोड दिनुभयो ।

पार्टीका महामन्त्री एवं पार्टी-संसद्-सरकार समन्वय परिषद्का संयोजक भूपदेव शाहले बर्सेनि प्राकृतिक विपद्का कारण हुने मानवीय र भौतिक क्षति कम गर्न सघाउ पुऱ्याउने उद्देश्यले नीति मन्थन आयोजना गरिएको बताउनुभयो ।

"पार्टी, संसद् र सरकारबीच आवश्यक समन्वय नभएको अवस्थामा नीति एकातिर र नियती अर्कोतिर हुन्छ", उहाँले भन्नुभयो, "आजको नीति मन्थलले यी तीन निकायबीचको समन्वयलाई थप कसिलो बनाउनेछ ।"

छलफलबाट आएका निष्कर्ष र सुझाव सांसदहरुका लागि प्रमाण, मन्त्रीका लागि कार्ययोजना बनाउने मार्गचित्र बन्ने महामन्त्री शाहको भनाइ थियो । "विपद् आउँदा हारगुहार गर्ने प्रवृत्तिलाई पूर्वसतर्कता र पूर्वतयारीमा बदल्नुपर्छ", उहाँले भन्नुभयो, "रास्वपाले आफ्नो साङ्गठनिक संरचनालाई निर्वाचन जित्न मात्रै नभई सङ्कटमा नागरिकको सारथी बन्नका लागि तयार पारेको हो ।"

पार्टीमा आबद्ध स्वयंसेवकलाई विपद्का समयमा उद्धार र राहतका लागि स्थानीयस्तरमै परिचालन हुन सक्ने गरी प्रशिक्षित बनाइने उल्लेख गर्दै संयोजक शाहले सूचना प्रवाह र सञ्चारमा स्थानीय संयन्त्रले पूर्वचेतावनी प्रणालीका रुपमा काम गर्ने बताउनुभयो । छलफलबाट प्राप्त हुने सुझावका आधारमा आगामी मनसुनमा बाढीपहिरो र सरुवा रोगबाट हुनसक्ने मानवीय तथा भौतिक क्षति न्यूनीकरण गर्न सरकारलाई रचनात्मक सहयोग गर्ने उहाँको भनाइ थियो । रासस

# कम्युनिस्टहरूको बिचमा एकताको आवश्यकता बढेको छ : प्रचण्ड

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले सच्चा कम्युनिस्टहरू बिच एकताको आवश्यकता बढेको बताएका छन् । २६औँ निर्मल लामा स्मृति सभालाई आइतबार काठमाडौँमा सम्बोधन



गर्दै संयोजक प्रचण्डले यस्तो बताएका हुन् ।

उनले अन्तर्राष्ट्रिय रूपमा पनि कम्युनिस्ट आन्दोलन ठुलठुला बहस, विभाजन र एकता हुँदै अघि बढेको बताए ।

'अन्तर्राष्ट्रिय रूपमा पनि ठुलठुला बहस, विवाद, विभाजन र एकताको शृृंखला चल्दै आएको छ', प्रचण्डले भने, 'सच्चा कम्युनिस्टहरूको बिचमा एकता अहिले झन् विशेष रूपमा बढेको छ ।'

उनले देशमा साम्राज्यवादीहरूको हस्तक्षेप बढ्दै गएको र राष्ट्रिय रूपमा देश अप्ठ्यारो अवस्थामा पुगेको बताए । उनले गत निर्वाचनमा कम्युनिस्टहरूलाई सखाप पार्ने रणनीति अन्तर्गत भएका खेलहरू अझै सतहमा आइनसकेको बताए । 'के के भएका थिए पर्दाभित्र । अनुसन्धान हुँदै जाला', उनले भने । उनले कम्युनिस्टहरूलाई सखाप पार्न देशी विदेशी लागिपरेको दाबी समेत गरे ।

# तरुण दलमा विधि मिचिए समानान्तर समितिको चेतावनी

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको भ्रातृ संस्था नेपाल तरुण दलमा विभिसम्मत नभए समानान्तर समिति गठन गर्ने चेतावनी दिएको छ ।



तरुण दलको विधानअनुसार तदर्थ समिति गठन गर्नुपर्ने आवाज उठ्न थालेको छ । गत वैशाख २१ गते सम्पन्न नेपाली कांग्रेसको केन्द्रीय कार्यसम्पादन समितिको बैठकले कार्यतालिकाभित्र महाधिवेशन गर्न नसकेका सबै भ्रातृ संस्थाहरू विघटन गर्ने निर्णय गरेसँगै तरुण दलमा नयाँ नेतृत्व चयनको रस्साकस्सी शुरु भएको छ ।

तत्कालीन केन्द्रीय अध्यक्ष विद्वान गुरुङले राजीनामा दिएपछि स्वतः विघटन भएको तरुण दलसहितका भ्रातृ संघहरूको महाधिवेशन सम्पन्न गर्न आवश्यक व्यवस्था मिलाउने जिम्मेवारी सभापति गगन थापालाई दिइएको छ। सोही निर्णयअनुसार महिला संघमा तदर्थ समिति बनिसकेको भए तापनि तरुण दलमा भने विधानको पालनालाई लिएर विवाद देखिएको छ। विधानविपरीत नेतृत्व चयनको गृहकार्य भइरहेको भन्दै तरुण दलका नेता तथा कार्यकर्ताहरूले यस्तो स्थिति आएमा 'समानान्तर समिति' गठन गर्ने चेतावनीसमेत दिएका छन् ।

कांग्रेसका तत्कालीन महामन्त्री तथा वर्तमान सभापति गगन थापा नेतृत्वको कार्यसमितिबाट पारित नेपाल तरुण दलको विधान (सातौँ संशोधन) को दफा ४३ उपदफा (२) ले अध्यक्ष पदका लागि स्पष्ट योग्यता तोकेको छ ।

विधानअनुसार अध्यक्ष बन्नका लागि केन्द्रीय कार्यसमितिमा कम्तीमा एक कार्यकाल सदस्य भएको वा प्रदेश तथा जिल्ला अध्यक्षको रूपमा एक कार्यकाल नेतृत्व गरेको अनुभव अनिवार्य हुनुपर्छ । साथै, संगठनको पूर्ण सदस्य भएको कम्तीमा १० वर्ष पूरा भएको हुनुपर्ने व्यवस्था छ ।

यसैबीच, पार्टी नेतृत्वले विशेष आवश्यकताको नाममा विधानभन्दा बाहिर गएर नियुक्ति गर्न खोजेको भन्दै युवा नेताहरूले प्रश्न उठाएका छन्। हिजो नेतृत्वमा पुग्नका लागि विधानको दफा १७ उपदफा (२) र (५) लाई वैधानिकताको आधार मान्नेहरूले नै आइतबार भ्रातृ संगठनमा विधान मिच्न खोज्नु नैतिक रूपमा गलत भएको उनीहरूको तर्क छ ।

'यदि संघर्ष, योगदान र विधानभन्दा माथि पहुँच र व्यक्तिगत रोजाइ हाबी हुन्छ भने युवाको भरोसा कसरी बच्छ?' भन्दै कार्यकर्ताहरूले आक्रोश व्यक्त गरेका छन् ।

यता तरुण दलको तदर्थ समिति गठनको विषयमा नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले भने पार्टीले विशेष परिस्थितिमा आवश्यक निर्णय लिन सक्ने बताए । पौडेलले भने, 'पार्टीले भ्रातृ संगठनलाई विधान दिने हो। विशेष आवश्यकतालाई ध्यानमा राखेर पार्टीले निर्णय गर्न सक्छ। विधानमा तोकिएजति नै सदस्य वा पदाधिकारी हुनुपर्छ भन्ने छैन, ११ देखि १३ सदस्यीय प्लेन कमिटी पनि बनाउन सकिन्छ ।'

महामन्त्री पौडेलले अहिले सबै भ्रातृ संगठनहरूको तदर्थ समिति बनाउने विषयमा छलफल भइरहेको बताए । तरुण दल जस्तो प्रभावशाली युवा संगठनमा विधि मिचिए त्यसको असर पार्टीप्रतिको विश्वास र समग्र युवा पुस्ताको मनोबलमा पर्न सक्ने कतिपयको भनाइ छ ।

तरुण दलका एक नेताले अध्यक्षमा मनिष कोइरालालाई बनाउने सुनिएपनि विधान मान्ने हो भने उनी योग्य नै नभएको जिकिर गरे । कोइराला हालसम्म केन्द्रीय सदस्य समेत नभएको व्यक्ति भएको उनले दाबी गरे ।

# अर्थतन्त्रलाई चलायमान बनाउने क्षेत्रका रूपमा ऊर्जालाई विकास गर्दैछौँ: अर्थमन्त्री

काठमाण्डु । स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) ले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेट तथा कार्यक्रमका लागि ५३ बुँदे सुझाव पेस गरेको छ । अर्थमन्त्री डा स्वर्णिम वाग्लेसँग आइतबार भएको भेटमा इप्पानका अध्यक्ष गणेश कार्कीले ५३ बुँदे सुझाव प्रस्ताव गर्दै सरकारले ऊर्जा क्षेत्रको विकासका लागि लगानी गर्ने गरी नीति तथा कार्यक्रम ल्याउनुपर्नेमा जोड दिनुभयो ।



सरकारले अघि सार्न लागेको १० वर्षमा ३० हजार मेगावाट विद्युत् उत्पादन गर्ने लक्ष्य हासिलका लागि निजी क्षेत्रले योगदान गर्न तयार रहेका बताउँदै अध्यक्ष कार्कीले सोहीअनुसार नीति तथा कार्यक्रम र बजेट विनियोजन गरिनुपर्नेमा जोड दिनुभयो । उहाँले त्यसका लागि विद्युत् खरिद सम्झौता (पिपिए) खुलाउनुपर्ने, निजी क्षेत्रलाई विद्युत् व्यापार प्रसारण लाइनमा सहभागी गराउनुपर्नेमा जोड दिनुभयो ।

इप्पानका अध्यक्ष कार्कीले धितोपत्र बोर्डबाट समयमा प्रारम्भिक सार्वजनिक निष्काशन (आइपिओ) जारी गर्नुपर्ने, आयोजनालाई शान्तिसुरक्षाको व्यवस्था गर्नुपर्नेलगायत विषयमा सरकारले नीतिगत र कानुनीगत रूपमा निजी क्षेत्रलाई प्रोत्साहन गर्ने गरी अघि बढाउनुपर्ने सुझाव दिनुभयो ।

सो अवसरमा अर्थमन्त्री डा वाग्लेले अर्थतन्त्रमा विद्युत् क्षेत्रको योगदान बढ्दै गएकाले सरकारले पनि अर्थतन्त्रलाई चलायमान बनाउने क्षेत्रका रूपमा ऊर्जालाई विकास गर्ने सरकारको योजना रहेको बताउँदै यसमा साथ दिन आग्रह गर्नुभयो । "सरकार ऊर्जा क्षेत्रलाई विशेष प्राथमिकताका साथ अघि बढाउने पक्षमा छ । यसको अर्थतन्त्रमा योगदान बढ्दो छ, अर्थतन्त्र हाँक्ने क्षेत्र बनाउने गरी नीति पनि बनाउँछौँ", उहाँले भन्नुभयो ।

लगानीकर्ताको साथ सरकार चाहने र लगानीकर्ताले पनि उच्च व्यावसायिक र इमान्दारिताका साथ लगानी भएको क्षेत्र ऊर्जा हो भन्ने देखिने गरी अघि बढ्नुपर्नेमा अर्थमन्त्री वाग्लेले स्पष्ट पार्नुभयो ।

इप्पानको सुझावमा नेपाल ऊर्जा विकास तथा उपभोग अभिवृद्धिको दशक घोषणासहित सरकारको १० वर्षमा ३० हजार मेगावाट विद्युत् जडित क्षमता पुऱ्याउने लक्ष्यलाई साकार पार्न विद्युत् खरिद-बिक्रीका अन्य विकल्प कार्यान्वयन गर्नुपर्ने भेटवार्ता कार्यक्रममा सहभागीले बताएका छन् ।

कार्यान्वयनमा नआउँदासम्म आन्तरिक माग र अन्तरदेशीय विद्युत् बजारको मागलाई मध्यनजर गर्दै पिपिए गर्नुपर्ने, विद्युत् उत्पादक कम्पनीले स्वदेशमा उत्पादन गरेको विद्युत् खरिदका साथै छिमेकी देशबाट विद्युत् आयातका लागि हालसम्म चलिरहेको एकल क्रेता प्रणालीलाई अन्त्य गर्नुपर्नेमा जोड दिइएको छ । रासस

# सांसदलाई निलम्बन नगर्ने भन्ने प्रावधान विधिको शासन विपरीत : प्रदीप पौडेल

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका महामन्त्री प्रदीप पौडेलले प्रतिनिधि सभा नियमावली संशोधनमार्फत संसदीय समितिको आकार चुस्त बनाउने, प्रविधिको प्रयोग बढाउने तथा प्रधानमन्त्री र विभागीय मन्त्रीलाई थप जवाफदेही बनाउने व्यवस्था सकारात्मक भए पनि संशोधनभित्र समेटिएको "विशेष कानुन" सम्बन्धी प्रावधानले विधिको शासन र लोकतान्त्रिक मूल्यमान्यतामाथि गम्भीर आघात पुऱ्याउने बताएका छन् ।

उनले फौजदारी अभियोग लागेका सांसदलाई निलम्बन नगर्ने भन्ने प्रावधान संविधानको मर्म, कानुनी पदानुक्रम र स्थापित विधायिकी प्रक्रिया विपरीत रहेको उल्लेख गरे । संसद्लाई आफ्नो आन्तरिक कार्यसञ्चालनका लागि नियमावली बनाउने अधिकार भए पनि त्यसले दुवै सदनबाट पारित मूल ऐनलाई प्रतिस्थापन गर्न नसक्ने उनको भनाइ छ ।



पौडेलले विद्यमान कानुनअनुसार राष्ट्रसेवकमाथि फौजदारी मुद्दा दर्ता हुनासाथ स्वतः निलम्बन हुने व्यवस्था रहेको स्मरण गराउँदै नियमावलीमार्फत त्यसलाई निष्प्रभावी बनाउने प्रयास अस्वीकार्य हुने बताए। उनले यस्तो कदमले दण्डहीनतालाई संस्थागत गर्ने खतरा बढाउने चेतावनी दिए ।

उनले सार्वजनिक पदमा रहेका व्यक्तिमाथि गम्भीर आरोप लाग्दा नैतिक जिम्मेवारीस्वरूप पदबाट अलग हुने अभ्यास विश्वव्यापी लोकतान्त्रिक संस्कार भएको उल्लेख गर्दै कानुनको नजरमा सबै समान हुनुपर्ने संवैधानिक सिद्धान्तलाई कमजोर पार्न नहुने धारणा राखे ।

महामन्त्री पौडेलले यस्ता प्रावधानले नेपालको अन्तर्राष्ट्रिय साख र आर्थिक भविष्यमा समेत असर पार्न सक्ने बताए। सम्पत्ति शुद्धीकरणसम्बन्धी कानुनहरू अन्तर्राष्ट्रिय प्रतिबद्धताअनुसार निर्माण गरिएको उल्लेख गर्दै राजनीतिक संरक्षणका नाममा ती कानुन कमजोर बनाइए नेपाल अन्तर्राष्ट्रिय निगरानीको जोखिममा पर्न सक्ने उनको भनाइ छ ।

उनले संसद् र संसदीय समितिका सबै कामकारबाही पूर्ण रूपमा पारदर्शी हुनुपर्नेमा जोड दिँदै नागरिकले आफ्ना प्रतिनिधिको गतिविधि र निर्णयबारे सहज रूपमा जानकारी पाउनुपर्ने बताए। सञ्चारमाध्यम तथा अन्य प्रभावकारी माध्यममार्फत संसद्का गतिविधि निर्बाध रूपमा सार्वजनिक गरिनुपर्ने उनको माग छ ।

# 'नेविसंघमा मनोनयनभन्दा निर्वाचन गर्नुपर्छ'




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाल विद्यार्थी संघ (नेविसंघ) का निवर्तमान केन्द्रीय सदस्यहरूको भेला भएको छ ।

काठमाडौंको शंकरदेव क्याम्पसमा शनिबार भेला भएको छ । भेलामा नेविसंघका पूर्व केन्द्रीय समिति सदस्य, विभिन्न तहका नेता तथा कार्यकर्ताहरूको उपस्थिति थियो ।

भेलामा संगठनको वर्तमान अवस्था, अधिवेशनको तयारी, विद्यार्थी आन्दोलनको दिशा तथा संगठनभित्रको आन्तरिक लोकतन्त्रका विषयमा विस्तृत छलफल गरिएको निवर्तमान प्रवक्ता सुरज सेजुवालले बताए । सहभागीहरूले संगठनलाई वैधानिक, लोकतान्त्रिक र विधिसम्मत ढंगबाट अगाडि बढाउन अधिवेशन अनिवार्य रहेको धारणा व्यक्त गरेका थिए ।

भेलाले पार्टीले तत्काल निर्वाचन समिति गठन गरी निर्धारित समयभित्र लोकतान्त्रिक विधिअनुसार अधिवेशन सम्पन्न गर्नुपर्ने निष्कर्ष निकालेको उनको भनाइ छ ।

संगठनमा मनोनयनको संस्कृतिभन्दा निर्वाचन प्रक्रियाबाट नेतृत्व चयन हुनुपर्नेमा भेलाले जोड दिएको थियो ।

नेविसंघको यसअघिको कार्यसमिति निर्धारित समयमा महाधिवेशन गर्न नसकेपछि विघटनमा परेको थियो ।

# 'प्रदेश सरकारको नेतृत्व, नीति तथा कार्यक्रम र बजेटबारे हाम्रो चासो छ'

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसका सभापति गगन थापाले प्रदेश सरकारका नीति तथा कार्यक्रम, आगामी बजेट र नेतृत्वबारे पार्टीको चासो रहेको र यसमा छलफल चलिरहेको बताएका छन् ।

उपसभापति विश्वप्रकाश शर्माले यसबारे नेकपा एमालेलगायत दलहरूसँग संवाद गरेको उनको भनाइ छ । कांग्रेसले प्रदेश सरकारलाई निरन्तरता दिने वा नदिने भन्नेजस्ता विषयमा उपसभापति शर्मा संयोजकत्वमा छलफल गरिरहेको छ ।

त्यसतर्फ लक्ष्य गर्दै सभापति थापाले शनिबार धनगढीमा आयोजित कार्यक्रममा भने, 'सरकारको नीति कार्यक्रम, सरकारको बजेट, नेतृत्वबारे कांग्रेस र एमालेबीच छलफल चलिरहेको छ। यसबारे उपसभापतिले छलफल गर्नुहुन्छ। प्रदेश सरकार ठिक ढंगले चल्नुपर्छ भन्ने चासो हाम्रो हो । प्रदेश सरकारले पार्टी चलाउन एक रूपैयाँ पनि दिनुपर्दैन ।'

सात प्रदेशमध्ये ६ वटामा कांग्रेस र एमाले सहकार्यमा सरकार छ भने मधेसमा माओवादीसहित मधेसवादी दलहरू सम्मिलित सरकार छ ।



'एमालेका साथीहरूसँग भर्खरै मात्र हामीले लामो कुराकानी गरेका छौं, विश्वप्रकाश शर्माले लिड गर्नुभएको छ। ६ ठाउँमा एमालेसँग सरकारमा छौं। प्रदेश निर्वाचन सम्मुखमा आएको छ। सहकार्यमा सरकार बनाउने एउटा अवस्थामा एमाले र कांग्रेसबीच भएको समझदारी हो। यसभित्र नेतृत्व आउने जाने हुन्छ । भएका समझदारीबारे कांग्रेस र एमालेबीच कुरा हुन्छ,' उनले भने ।

उनले कांग्रेस र एमालेबाट सुदूरपश्चिमलगायत प्रदेशमा अर्को सरकार नबन्ने पनि बताए । 'यसमा कुनै अलमलमा पर्न जरूरी छैन,' उनले भने ।अहिले रहेका प्रदेश सरकारहरूलाई निरन्तरता दिने उनको भनाइ छ ।

# युद्धको प्रभावले ऊर्जा बजारमा ठूलो उतारचढाव

रासस/एएफपी । मध्यपूर्वमा जारी युद्धका कारण तेल आपूर्तिमा अवरोध र मूल्यमा तीव्र वृद्धि भएपछि युरोपका ठूला तेल तथा ग्यास कम्पनीहरूले पहिलो त्रैमासिकमा ठूलो नाफा कमाएका छन् । यससँगै लन्डनदेखि पेरिससम्म उनीहरूको 'असामान्य नाफा'मा थप कर लगाउनुपर्ने माग पुनः उठ्न थालेको छ ।



'शेल' ले हालै आफ्नो नाफा सार्वजनिक गर्दै पहिलो त्रैमासिकमा करिब ५.७ अर्ब अमेरिकी डलर (झण्डै ४.८ अर्ब युरो) खुद नाफा कमाएको जनाएको छ, जुन गत वर्षको सोही अवधिको तुलनामा १९ प्रतिशतले बढी हो । कम्पनीका अनुसार नाफा वृद्धि उच्च तेल मूल्य, सुधारिएको रिफाइनिङ मार्जिन र व्यापारिक गतिविधिबाट भएको हो ।

यस्तै, 'बीपी'ले पनि नाफामा उल्लेखनीय वृद्धि देखाएको छ, जसको खुद नाफा ३.८४ अर्ब डलर पुगेको छ । टोटालइनर्जीको नाफा भने अझ बढी वृद्धि हुँदै ५१ प्रतिशतले बढेर ५.८ अर्ब डलर पुगेको रिपोर्ट गरिएको छ ।

यसको विपरीत, अमेरिकी ऊर्जा कम्पनीहरू एक्सनमोबिल र चेभ्रोन को नाफा घटेको देखिएको छ । विशेषज्ञहरूका अनुसार डेरिभेटिभ बजारमा समयान्तर प्रभावका कारण अमेरिकी कम्पनीहरू प्रभावित भएका हुन् ।

**तेल मूल्य वृद्धि र होर्मुज सङ्कट**

मध्यपूर्व युद्धका कारण इरानले होर्मुज जलडमरूमध्यमा अवरोध सिर्जना गरेपछि विश्व बजारमा तेल आपूर्ति घटेको छ । यसले मूल्य तीव्र रूपमा बढाएको छ । मार्च महिनामा ब्रेन्ट क्रुड तेलको मूल्य औसत १०० डलर प्रति ब्यारेल पुगेको थियो भने कहिलेकाहीँ १२० डलरसम्म पुगेको उल्लेख छ । युद्धअघि यो मूल्य करिब ७० डलर थियो ।

विश्लेषकहरूका अनुसार युरोपेली कम्पनीहरू विशेषगरी लाभान्वित भएका छन् किनभने उनीहरूको व्यापारिक गतिविधि बलियो छ, जसले बजारको उतारचढावबाट अतिरिक्त लाभ लिन सक्षम बनाएको छ ।

एक ऊर्जा विश्लेषकले बताए अनुसार, यी कम्पनीहरू यस त्रैमासिकमा "परम्परागत तेल कम्पनीभन्दा बढी विश्व ऊर्जा बजारका जटिल ट्रेडरजस्तो" देखिएका छन् ।

**कर लगाउने दबाब बढ्दै**

उच्च नाफापछि बेलायत र फ्रान्समा तेल कम्पनीहरूको नाफामा थप कर लगाउने माग बढेको छ । यसअघि युक्रेन युद्धपछि पनि यस्तै 'विन्डफल कर' लागू गरिएको थियो ।

बेलायतमा तेल कम्पनीहरू अहिले पनि नर्थ सी क्षेत्रको नाफामा ३८ प्रतिशत अतिरिक्त कर तिर्छन्, जुन सामान्य ४० प्रतिशत करसँगै लागू हुन्छ । तर यो कर केवल घरेलु उत्पादनमा मात्र सीमित छ। अब त्यही करलाई विस्तार गर्नुपर्ने माग बढिरहेको छ ।

फ्रान्सका राष्ट्रपति इम्यानुएल म्याक्रोंले पनि अत्यधिक नाफा वा 'सट्टेबाजी शैलीको कारोबार' नियन्त्रण गर्न युरोपेली स्तरमा समन्वय आवश्यक रहेको बताउनुभयो ।

**भविष्यको बजार र ऊर्जा रणनीति**

विश्लेषकहरूका अनुसार दोस्रो त्रैमासिकमा पनि कम्पनीहरूको नाफा बलियो रहने सम्भावना छ, किनभने बजार तुरुन्तै सामान्य अवस्थामा फर्कने देखिँदैन ।

तर दीर्घकालीन रूपमा कम्पनीहरू साना, कम लागतका र छिटो उत्पादन गर्न सकिने परियोजनामा ध्यान केन्द्रित गर्न सक्छन् । केही कम्पनीहरूले जलवायु लक्ष्यमा पुनर्विचार गर्दै तेल तथा ग्यास उत्पादनमा निरन्तरता दिने सङ्केत पनि दिएका छन् ।

यसैबीच, ऊर्जा सुरक्षा सुनिश्चित गर्न नवीकरणीय ऊर्जाको भूमिकाबारे पनि फेरि बहस सुरु भएको छ ।

# 'स्थानीयस्तरमा क्रिकेट खेलाडी उत्पादन गर्न आवश्यक सहयोग गरिने'




मोरङ । कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले प्रदेशमा स्थानीयस्तरमा क्रिकेटको विकास गर्दै खेलाडी उत्पादन गर्न आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको छ ।

नेपाल क्रिकेट सङ्घद्वारा आज विराटनगरमा आयोजित दुई दिने वार्षिक साधारणसभाको उद्घाटन गर्दै उहाँले प्रदेशका नौ स्थानमा आधारभूत तहदेखि क्रिकेट खेलाडी उत्पादनका लागि प्रशिक्षण केन्द्र स्थापना गर्न आवश्यक बजेटको व्यवस्था गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

मुख्यमन्त्री कार्कीले सङ्घीय सरकारले प्रदेश सरकारलाई विराटनगरको बैजनाथपुरमा रहेको क्रिकेट रङ्गशाला हस्तान्तरण गरेमा आगामी दुई वर्षभित्र सुविधासम्पन्न अत्याधुनिक रङ्गशाला निर्माण गरी सञ्चालनमा ल्याउने उल्लेख गर्नुभयो ।

उहाँले मेची रङ्गशालामा प्रदेश सरकारले अन्तरराष्ट्रिस्तरको प्रतियोगिता सञ्चालन गर्नका लागि रातो किताबमा बजेटको व्यवस्था गर्ने जानकारी दिँदै सो रङ्गशालामा रात्रिखेलका लागि 'फ्लडलाइट' जडानका गरिने बताउनुभयो ।

मुख्यमन्त्री कार्कीले प्रदेशमा क्रिकेटको विकास गर्दै सक्षम खेलाडी उत्पादनका लागि नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करणमा प्रदेश सरकारलाई जोड्न क्रिकेट सङ्घलाई आग्रह गर्दै सो प्रतियोगिताको प्रथम पुरस्कारको व्यवस्था गर्ने तथा विराटनगर किङ्सको नाम परिवर्तन गरी ' कोशी अर्नाज' राख्न सुझाव दिनुभयो । उहाँले भन्नुभयो, "विकास भनेको पुलपुलेसा र सडक मात्र नभएर खेलकुदको माध्यमबाट जीवनस्तर सुधार गर्नु, मुलुकमा रोजगारी सिर्जना गर्नु तथा स्थानीयको आयआर्जन बढाउँदै आर्थिक गतिविधि चलायमान बनाउनु पनि हो ।"

> मुख्यमन्त्री कार्कीले प्रदेशमा क्रिकेटको विकास गर्दै सक्षम खेलाडी उत्पादनका लागि नेपाल प्रिमियर लिग (एनपिएल)को तेस्रो संस्करणमा प्रदेश सरकारलाई जोड्न क्रिकेट संघलाई आग्रह गर्दै सो प्रतियोगिताको प्रथम पुरस्कारको व्यवस्था गर्ने तथा विराटनगर किंग्सको नाम परिवर्तन गरी "कोशी अर्नाज" राख्न सुझाव दिनुभयो ।

प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री विदुरकुमार लिङ्थेपले क्रिकेटको माध्यमबाट नेपालको पहिचान विश्वमा पुगेको बताउँदै यस खेलको भौतिक पूर्वाधार निर्माणमा आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । सामाजिक विकासमन्त्री रामप्रसाद मेहताले प्रदेश खेलकुद विकास बोर्डमा उपाध्यक्ष र सदस्यसचिव नियुक्ति नहुनाले खेलकुदका लागि बजेट छुट्याउन समस्या भएको धारणा राख्नुभयो ।

अन्तरराष्ट्रिय क्रिकेट काउन्सिलका वरिष्ठ व्यवस्थापक रोहित पोद्दारले नेपाल सहआयोजक भएको अन्डर-१९ महिला क्रिकेट प्रतियोगिता आयोजना गर्ने र खेलाडीले सफलता प्राप्त गर्ने विश्वास व्यक्त गर्नुभयो । राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव रामचरित मेहताले मुलुकमा लोकप्रिय खेलका रूपमा पछिल्लो समय क्रिकेट विकास हुँदै गएकाले यसको थप विकासका लागि आवश्यक सहयोग निरन्तर रहने विचार व्यक्त गर्नुभयो ।

नेपाल क्रिकेट सङ्घ (क्यान) का अध्यक्ष चुतुरबहादुर चन्द्र, उपाध्यक्ष रोशनकुमार सिंह, सचिव पारश खड्का, कोशी प्रदेशिक क्रिकेट सङ्घका अध्यक्ष सर्वजीतराज पाण्डेलगायतले नेपाल प्रिमियर लिगका कारण गाउँगाउँमा क्रिकेटको लोकप्रियता वृद्धि हुँदै गएको धारणा राख्नुभयो । रासस

# श्रीलङ्कामा ऊर्जा सङ्कटबीच बिजुली महसुल वृद्धि



रासस/एएफपी । मध्यपूर्वमा जारी युद्धका कारण ऊर्जा आपूर्तिमा आएको असरले लागत बढेपछि श्रीलङ्काले बिजुली महसुल १८ प्रतिशतसम्म बढाउने निर्णय गरेको छ ।

सार्वजनिक उपयोगिता आयोगका अनुसार सोमबारदेखि लागू हुने नयाँ दरअनुसार मासिक १८० युनिटभन्दा बढी बिजुली प्रयोग गर्ने उपभोक्ताले १८ प्रतिशत अतिरिक्त शुल्क तिर्नुपर्नेछ । सोभन्दा कम खपत गर्ने उपभोक्तामा भने तत्काल असर पर्ने छैन ।

आयोगले जारी गरेको विज्ञप्तिअनुसार यो वृद्धि उद्योग, होटल, व्यवसाय, सरकारी कार्यालय तथा धार्मिक संस्थाहरूमा लागू हुनेछ ।

यो निर्णय पछिल्ला केही महिनामा गरिएको ऊर्जा सम्बन्धी शृङ्खलाबद्ध वृद्धि पछिको अर्को कदम हो । गत महिना मात्र पनि बिजुली महसुल ४० प्रतिशतले बढाइएको थियो ।

**इन्धन मूल्य र महागाइ पनि बढ्यो**

ऊर्जा आपूर्तिमा अवरोधका कारण श्रीलङ्काले इन्धन मूल्य ३५ प्रतिशतभन्दा बढीले बढाएको छ र केही क्षेत्रमा राशनिङ समेत लागू गरेको छ ।

सरकारी तथ्याङ्कअनुसार महँगाइ बढेर अप्रिलमा ५.४ प्रतिशत पुगेको छ, जुन अघिल्लो महिनाहरूको तुलनामा उल्लेखनीय वृद्धि हो ।

**आर्थिक सङ्कटबाट पुनःस्थापनाको प्रयास**

श्रीलङ्का सन् २०२२ मा विदेशी मुद्रा सङ्कटका कारण ठूलो आर्थिक संकटमा परेको थियो, जसले खाद्यान्न, इन्धन र औषधि आयातमा गम्भीर असर पारेको थियो ।

गत वर्ष आएको ठूलो आँधीले समेत देशलाई थप प्रभावित बनाएको थियो, जसमा सयौंको मृत्यु र ठूलो भौतिक क्षति भएको थियो ।

देशले सन् २०२३ देखि अन्तर्राष्ट्रिय मुद्रा कोषको सहायता कार्यक्रममार्फत आर्थिक स्थायित्व ल्याउने प्रयास गरिरहेको छ । तर उच्च ऊर्जा मूल्य र बाह्य संकटहरूले पुनःउत्थान प्रक्रियामा चुनौती थपिरहेका छन् ।

# युक्रेन युद्ध करिब अन्त्यतिर पुगेको रूसी राष्ट्रपति पुटिनको भनाइ

रासस/एएफपी । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले शनिबार युक्रेनमा युद्ध अन्त्य हुँदै गएको बताउनुभएको छ ।



शनिबार मस्कोमा भएको सैन्य प्रदर्शनमा नेता पुटिनले सैनिकहरूलाई आफूहरू युक्रेनमा नेटोद्वारा समर्थन गरेको ' आक्रामक शक्ति' सँग लडिरहेको बताउनुभएको थियो । उहाँले आफ्नो युद्ध लक्ष्यलाई 'न्यायपूर्ण' कदमका रूपमा उल्लेख गर्नुभएको छ ।

रुसी नेताले दोस्रो विश्वयुद्धमा नाजी जर्मनीमाथि सोभियत सङ्घको विजयको सम्झनालाई आफ्नो २५ वर्षे शासनको 'केन्द्रीय कथा' बनाउनुभएको छ र आफ्नो युक्रेन आक्रमणको औचित्य पुष्टि गर्न बारम्बार यसको प्रयोग गर्नुभएको छ ।

रूसी अधिकारीहरूले सामान्यतया विजय दिवस प्रदर्शनलाई धूमधाम र भव्यताका साथ मनाउँछन्। हालैका हप्ताहरूमा युक्रेनी लामो दूरीका आक्रमणहरूको एक शृङ्खलाले क्रेमलिनलाई सुरक्षा उपायहरू बढाउन र यस वर्षको उत्सवलाई कम गर्न प्रेरित गरेको पाइएको छ ।

सैन्य प्रदर्शन समारोहपछि युक्रेनका लागि पश्चिमा सैन्य सहायतामा कमी आएको छ कि छैन भनेर सोधिएको प्रश्नमा पुटिनले भन्नुभयो, "उनीहरूले रूससँगको टकरावलाई बढावा दिन थाले, जुन आजसम्म जारी छ ।" उहाँले भन्नुभयो, "मलाई लाग्छ कि यो द्वन्द्व समाप्त हुँदैछ तर यो अझै पनि गम्भीर विषय हो ।"

उहाँले अगाडी भन्नुभयो, "उनीहरूले रुसको ठूलो हार र रूस पतनको प्रतीक्षामा महिनौँ बिताए। यसले काम गरेन ।"

पुटिनले पश्चिमी देशहरूलाई सङ्केत गर्दै भन्नुभयो, "युक्रेनलाई सहयोग गर्ने बहानामा उनीहरूले रूसविरूद्धको जनमत सिर्जना गर्ने प्रयास गरे तर उनीहरू अफ्ठेरोमा गएर फसेका छन् । अब उनीहरू यसबाट बाहिर निस्कन सक्दैनन् ।"

पुटिनले सम्भावित शान्ति सम्झौताका लागि सबै सर्तहरू टुङ्गो लागेपछि मात्र तेस्रो देशमा युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीलाई भेट्न आफू तयार रहेको बताउनुभएको छ। उहाँले भन्नुभयो, "यो सहमतिको अन्तिम बिन्दु हुनुपर्छ, वार्ता आफैँमा होइन ।"

अमेरिकी राष्ट्रपति डोनल्ड ट्रम्पले गत शुक्रबार रुस र युक्रेनबीच शनिबारदेखि तीन दिने युद्धविराम लागू हुने घोषणा गर्नुभएको थियो ।

मस्को र किएभले एक अर्कामाथि युद्धविरामका सर्त उल्लङ्घनको आरोप लगाएका छन्, तर कुनै ठूलो आक्रमणको रिपोर्ट गरिएको छैन । यद्यपि, यो अवधिमा पनि छिटफुट ड्रोन गतिविधि जारी छन् र दुबै पक्षका नागरिक हताहत भएका खबरहरू आएका छन् ।

"आशा छ, यो निकै लामो, घातक र कडा सङ्घर्षपूर्ण युद्धको अन्त्यको सुरुवात हो," राष्ट्रपति ट्रम्पले सामाजिक सञ्जाल ट्रुथ सोसल नेटवर्कमा पोस्ट गरेको एक सन्देशमा भनिएको छ।

क्रेमलिनले युद्धविरामलाई लम्ब्याउने कुनै योजना नरहेको जनाएको छ ।

युद्धरत पक्षहरू युद्धविरामको क्रममा एक हजार कैदीहरू साटासाट गर्न पनि सहमत भएका छन् । पुटिनले शनिबार भन्नुभयो, रुसले अहिलेसम्म युक्रेनबाट कुनै प्रस्ताव प्राप्त गरेको छैन ।"

# त्रिहत्तर वर्षीय चन्दको 'ब्याडमिन्टन' मोह

महेन्द्रनगर । कञ्चनपुरको भीमदत्त नगरपालिका-१८ जानकी टोलका ७३ वर्षीय ग्रिस चन्द हरेक दिन बिहान महेन्द्रनगरस्थित कबर्डहलमा भेटिनुहुन्छ । उमेरले ज्येष्ठ नागरिक भए पनि उहाँको ब्याडमिन्टन खेलप्रतिको जाँगर, मेहनत र मोह भने लोभलाग्दो छ।

विसं २०५६ देखि यस खेलमा लागेका चन्द ब्याडमिन्टन 'कार्ट' मा नपुगी आफ्नो दैनिकी सुरुआत नै नहुने गरेको बताउनुहुन्छ । "ब्याडमिन्टन एकप्रकारले लत जस्तै भइसक्यो, खेल्न नआएको दिन त बेचैन भइन्छ", चन्दले भन्नुभयो,"यहाँ मेरो उमेर समूहको खेलाडी कोही पनि छैनन् ।"



उहाँले हरेक दिन बिहान ४:०० बजेदेखि योग साधनामा बिताउने गरेको र त्यसपछि ब्याडमिन्टन खेल्न कबर्डहलमा आउने गरेको सुनाउनुभयो । व्यायाम, योगसाधना र स्वस्थ्य खानपिन स्वस्थ जीवनका लागि महत्त्वपूर्ण भएकाले आफू पहिलेदेखि नै यसमा सचते रहेको चन्दको भनाइ छ।

भन्सार अधिकृतबाट २०७० सालमा सेवानिवृत्त हुनुभएका उहाँको अधिकांश समय खेल र योगसाधनामा बित्ने गरेको छ। "जागिरमा हुँदा धनगढी, नेपालगञ्ज, भैरहवा र वीरगञ्जसम्म पनि ब्याडमिन्टन खेलेँ । नेपालगञ्ज र वीरगञ्जमा जिल्लास्तरीय खेलमा तेस्रो स्थान हासिल गरेको सर्टिफिकेट अहिले पनि सुरक्षित राखेको छु", चन्दले भन्नुभयो ।

आँखामा केही समस्या भएकाले टाढाको कर्क देख्न समस्या भए पनि अझै धेरै वर्षसम्म खेल्न सक्ने हिम्मत रहेको उहाँको भनाइ छ । "नियमित व्यायाम र खानपिनमा ध्यान दिइरहेको छु । शरीरले साथ दिएसम्म ब्याडमिन्टन खेलिरहने सोच छ", चन्दले भन्नुभयो ।

उहाँले सुदूरपश्चिममा आफ्नो उमेर समूहको ब्याडमिन्टन खेलाडी पाउन गाह्रो रहेको दाबीगर्नुभयो।भीमदत्त नगरपालिका-६ का ६९ वर्षीय प्रेमसिंह भाट पनि दशकौँदेखि यहाँ ब्याडमिन्टन खेलमा नियमित सहभागी भइरहनुभएको छ । पछिल्लो समय युवा पुस्तामा यस खेलप्रति केही आकर्षण बढे पनि पाको पुस्ताका खेलाडी भने घट्दै गएको उहाँले बताउनुभयो ।

विसं २०६४ यता कबर्डहलमा नियमित खेल्ने गरेको बताउँदै भाटले भेट्रानतर्फ राष्ट्रियस्तरमा उपाधि जितिसकेको जानकारी दिनुभयो। "अब हाम्रो उमेरले राष्ट्रका लागि भन्दा पनि आफ्नो स्वास्थ्यका लागि खेल्ने हो । पछिल्ला दिनमा ब्याडमिन्टन खेल गाउँ/गाउँमा विस्तार हुँदै गएको देख्दा खुसी लाग्छ ।" रासस

# अमेरिका पक्षधर देशले हर्मुजमा 'कठिनाइको सामना गर्नुपर्ने' इरानको भनाइ

रासस/एएफपी । इस्लामिक गणतन्त्र इरानविरुद्ध संयुक्त राज्य अमेरिकाले लगाएका प्रतिबन्धहरूको पालना गर्ने देशहरूले 'स्ट्रेट अफ हर्मुज' पार गर्न कठिनाइको सामना गर्नुपर्ने इरानको सेनाले आइतबार चेतावनी दिएको छ ।




यसै महिनाको सुरुवातमा अमेरिकी सरकारले इरानको हित र चासोका बिषयमा नयाँ प्रतिबन्ध लगाएको थियो । अमेरिकाले जहाजलाई तेहरानका अधिकारीहरूलाई उक्त जलमार्गबाट जान पैसा नदिन आग्रह गरेको थियो ।

एएफपीले प्राप्त गरेको सूचना अनुसार संयुक्त राज्य अमेरिका र बहराइनले इरानलाई जलमार्गबाट ढुवानीमा प्रतिबन्ध रोक्न आग्रह गरिएको संयुक्त राष्ट्रसङ्घमा पेश गर्न तयार पारिएको प्रस्तावको मस्यौदा तयार गरेका छन् । प्रस्तावमा फेब्रुअरी २८ मा युद्ध सुरु भएदेखि एक प्रमुख तनावको केन्द्र बनेको 'स्ट्रेट अफ हर्मुज' को जलमार्गबाट ढुवानीमा प्रतिबन्ध रोक्न आग्रह गरिएको छ ।

इरानको आधिकारिक समाचार संस्था इर्नाले इरानी सैनिक अधिकारी मोहम्मद अक्रामनियाले आइतबार उद्धृत गर्दै लेखेको छ, "इस्लामिक गणतन्त्र इरानमाथि प्रतिबन्ध लगाएर अमेरिकाको आदेश पालना गर्ने देशहरूलाई निश्चित रूपमा यो जलमार्ग पार गर्न कठिनाइ हुनेछ ।"

उहाँले भन्नुभयो, "हामीले स्ट्रेट अफ हर्मुजमा नयाँ कानुनी र सुरक्षा प्रणाली स्थापना गरेका छौं । अबदेखि कुनै पनि जहाजले यसबाट जान चाहेमा हामीसँग समन्वय गर्नुपर्छ ।"

उहाँले यो प्रणाली अहिले लागू भएको र यसले आर्थिक, सुरक्षा र राजनीतिक लाभ ल्याउने बताउनुभयो ।

शनिबार इरानी संसदको राष्ट्रिय सुरक्षा आयोगका प्रमुख इब्राहिम अजिजीले एक्समा एक पोष्ट गर्दै नयाँ विधेयक प्रस्ताव गरिएको बताउनुभएको थियो ।

उहाँले भन्नुभयो, "हामी बहराइनजस्ता साना राष्ट्र र सरकारलाई जानकारी गराउँछौं कि अमेरिकी प्रस्तावको पक्ष लिँदा उनीहरूले गम्भीर परिणाम भोग्नुपर्ने हुन्छ । 'स्ट्रेट अफ हर्मुज' विश्वभर इन्धन ढुवानीका लागि एक महत्त्वपूर्ण जलमार्ग हो । यो मार्ग भएर विश्वको आवश्यकताको कम्तिमा २० प्रतिशत इन्धन ढुवानी हुन्छ ।

"यसलाई सधैँभरि आफैँमा बन्द गर्ने जोखिम नलिनुहोस्," उहाँले थप्नुभयो ।

इरानले जलमार्गबाट केवल एकाध जहाजलाई जान अनुमति दिएको छ, जुन मार्गले शान्तिकालमा विश्वको तेल र ग्याँस प्रवाहको पाँच भागको एक भागका साथै अन्य महत्त्वपूर्ण वस्तुहरूको लागि सेवा प्रवाह गर्छ ।

# मेलाले कृषि उपज बजारीकरण गर्न सहज

काभ्रेपलाञ्चोक । पाँचखाल नगरपालिकाले 'कृषि-सहर'को नारालाई सार्थकता दिन कृषि उपजको प्रवर्द्धन गर्ने उद्देश्यले दुईदिने कृषि मेलाको आयोजना गरेको छ । नगर कार्यालयले लवग्रिन नेपालसँगको सहकार्यमा आयोजना गरेको सो मेलामा करिब २० हजारले अवलोकन गरेको बताइएको छ ।

नगरले लवग्रिनसँग समन्वय गरी आयोजित मेलामा कृषि क्षेत्रमा नवप्रवर्तनलाई प्रोत्साहन गर्ने उद्देश्य छ । उक्त मेलामा आइपीएम प्रविधिबाट उत्पादन भएका कृषि उपजको प्रदर्शनी तथा बिक्री, बाली शिविर सञ्चालन, कृषि उपजको प्रतिस्पर्धात्मक कार्यक्रमसमेत सञ्चालन गरिएको थियो । मेलाको नगरप्रमुख महेश खरेलले शुक्रबार उद्घाटन गर्नुभएको थियो ।



सो अवसरमा नगरप्रमुख खरेलले पाँचखाल नगर कृषि सहर भएकाले यहाँको तरकारीमा न्यून विषादीमा रहेको तर्क गर्नुभयो । उहाँले भन्नुभयो, "पाँचखालको तरकारीमा अत्यधिक विषादी भएको भनेर हल्ला चलाइए पनि केही वर्षदेखि पाँचखालको तरकारी सेमी आर्ग्यानिक भएको छ, विषादीको भ्रम चिर्न हामीले अर्ग्यानिकमा जोडबल गरिरहेका छौं ।" उहाँले लवग्रिन नेपालसँगको सहकार्यमा पाँचखालमा एक हजार २०० भन्दा बढी किसानलाई एकीकृत शत्रु जीव व्यवस्थापन (आइपिएम) पद्धतिबाट तरकारीखेती गर्न तालिम प्रदान गरिएको र उक्त प्रविधिमार्फत तरकारी अर्ग्यानिकतर्फ गएको बताउनुभयो ।

पाँचखालमा किसानकै अगुवाइमा साप्ताहिक कृषि हाटबजार सुरु गर्न आग्रह गरिरहेका छन् । "किसानको मागलाई सम्बोधन गर्न नगरपालिका तयार छ", नगरप्रमुख खरेलले भन्नुभयो ।

लवग्रिन नेपालले विगत नौ वर्षदेखि किसानलाई आइपिएमसम्बन्धी तालिम दिँदै आएको छ । उसले तालिममार्फत स्वस्थ तथा सुरक्षित कृषि उत्पादनलाई प्रोत्साहन गर्दै मानव स्वास्थ्य संरक्षण, उत्पादन वृद्धि र किसानको आम्दानी अभिवृद्धिमा महत्त्वपूर्ण भूमिका निर्वाह गरेको संस्थाका कार्यकारी निर्देशक नारायण ज्ञवालीले बताउनुभयो ।

कृषि मेलमा बाली शिविर सञ्चालन, रैथाने उत्पादनको प्रदर्शनी तथा बिक्री, कृषि उपजको प्रतिस्पर्धात्मक कार्यक्रम, कृषक र कृषक समूहसँग प्रत्यक्ष संवाद, आइपिएम पद्धतिद्धारा उत्पादित कृषि उपजको प्रदर्शनी तथा बिक्री एवं पाँचखालमा उत्पादित आलुलगायत अन्य उपजको परिकारलगायत प्रदर्शनी-बिक्रीमा राखिएको छ । रासस

# उद्योग विस्तार र लगानी वृद्धि गर्ने बजेट ल्याउन परिसंघको आग्रह

काठमाण्डु । आगामी आर्थिक वर्षमा उद्योग विस्तार तथा लगानी वृद्धि गराउन सहज हुने बजेट ल्याउन नेपाल उद्योग परिसङ्घले आग्रह गरेको छ ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेलाई आज उहाँकै कार्यकक्षमा भेटेर परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेसहितको टोलीले आव २०८३/८४ को बजेट निजी क्षेत्रलाई विकासको वाहकका रूपमा लिई उद्योग तथा लगानी वृद्धि गराउनेतर्फ केन्द्रित हुनुपर्ने सुझाव दिएको हो ।

आय आर्जन र सम्पत्ति सिर्जनालाई सहयोग गर्नेगरी बजेट ल्याउनुपर्ने, अर्थतन्त्र विस्तार, रोजगारी सिर्जना तथा लगानी वृद्धिमा उल्लेख्य सुधार हुने विषयलाई केन्द्रमा राख्न सुझाइएको परिसङ्घले जनाएको छ ।

उद्योग तथा लगानी, प्रत्यक्ष विदेशी लगानी, कर नीति तथा प्रणाली, भन्सार, पर्यटन, कृषि, जडिबुटी तथा वनपैदावार, ऊर्जा, सूचना प्रविधि क्षेत्र, बैकिङ्ग तथा वित्त, बीमा, सहकारी तथा पुँजीबजार, स्वदेशी उत्पादन प्रवर्द्धन, पूर्वाधार, स्वास्थ्य तथा शिक्षा, गैर कर, राजश्व चुहावट तथा सम्पत्ति शुद्धिकरणसँग सम्बन्धित क्षेत्रगत रुपमा बजेट सुझाव दिएको छ ।

उद्योगलाई पहिलो प्राथमिकतामा राखी नीतिगत सुधार गर्दै यस्ता नीतिहरूको न्यूनतम १० वर्ष स्थायित्व सुनिश्चित गर्न, प्रतिस्पर्धी क्षमता भएका वस्तु केन्द्रित औद्योगिक विकास रणनीति बनाई लागू गर्न, रोजगारी, उत्पादन र आयात प्रतिस्थापनलाई केन्द्रमा राखि बजेट ल्याउन आग्रह गरिएको जनाइएको छ ।

परिसङ्घले जारी गरेको विज्ञप्तिअनुसार कर प्रणालीलाई सरल, एकीकृत र सीमित प्रकारको बनाउन, भ्याट, आयकर र अन्तःशुल्कमा आवश्यक व्याख्यात्मंक टिप्पणी सहित स्पष्ट बनाउन, एकल व्यक्तिको व्यक्तिगत आयकरको न्यूनतम सीमा १० लाख गरी आयकरको दर घटाउने आग्रह गरिएको छ ।



जोखिममा आधारित अडिट प्रणाली लागू गर्न, कर विवाद समाधान, एड्भान्स रुलिङ, कर प्रशासनलाई डिजिटल बनाइनुपर्ने,चोरी पैठारी नियन्त्रणका लागि सम्बद्ध निकायहरूबीच समन्वय सुदृढ गरिनुपर्ने र आयातित वस्तुका लागि न्युनतम गुणस्तर मापदण्ड लागू गरिनुपर्ने सुझाव दिइएको छ ।

ठूला पूर्वाधारका परियोजनाहरूमा निजी क्षेत्रलाई आकर्षित गर्ने नीति लिन, उद्योगको स्वीकृत परियोजनाअनुसार आवश्यक जग्गामा हदबन्दी नलाग्ने व्यवस्था गरी अतिरिक्त जग्गा धितो राख्न र उद्योगलाई बिक्री गर्न पाउने नीति लागू गर्न, उद्योग व्यवसायले सरकारको कुनै निकायमा भुक्तान गर्न बाँकी रहेको रकम र सरकारले सो उद्योगलाई भुक्तान वा फिर्ता गर्न बाँकी रहेको रकम हिसाब मिलान गर्न पाउने नीतिगत व्यवस्था गर्न परिसङ्घले सुझाएको छ ।

सुझाव ग्रहण गर्दै अर्थमन्त्री वाग्लेले विकासका लागि निजी क्षेत्रको पूँजी आवश्यक रहेको बताउनुभयो । उहाँले कानुनी सुधार, कर प्रणालीमा सुधार आवश्यक रहेको भन्नुहुँदै सम्पत्ति आर्जन गर्ने विषयलाई हेरिनुपर्ने बताउनुभयो ।

निजी क्षेत्रको लगानी बिना विकास सम्भव छैन भन्ने विषयमा सरकार प्रष्ट रहेको भन्नुहुँदै उहाँले पूर्वाधारमा निजी क्षेत्रको लगानी आउनुपर्ने बताउनुभएको विज्ञप्तिमा उल्लेख छ । रासस

# सुनचाँदीको मूल्यमा सामान्य उतारचढाव



काठमाण्डु । गत शुक्रबारको तुलनामा स्थानीय बजारमा आज सुनचाँदीको मूल्यमा सामान्य उतारचढाव आएको छ । सुन तोलामा रु एक हजारले घटेको छ भने चाँदीको मोल भने रु २५ ले बढेको छ ।

नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार आज छापावाल सुनको मोल प्रतितोला रु दुई लाख ९८ हजार ९०० र त्यति नै परिमाणको सेतो धातुको मूल्य रु पाँच हजार ३०० कायम भएको छ । गत शुक्रबार एक तोला छापावाल सुन रु दुई लाख ९९ हजार ९०० र त्यति नै परिमाणको चाँदी रु पाँच हजार २७५ मा खरिदबिक्री भएको थियो ।

अन्तरराष्ट्रिय सञ्चारमाध्यमका अनुसार आज अन्तरराष्ट्रिय बजारमा एक औँस सुन चार हजार ७१५ र त्यति नै परिमाणको चाँदी ८० अमेरिकी डलरमा कारोबार भइरहेको छ । रासस

# प्रभावकारी बन्दै आवास बीमा कार्यक्रम

जानकी । गत वर्षको भदौमा परेको अविरल वर्षाले नेपालगञ्ज उपमहानगरपालिका-७ निवासी उत्तमसिंह पञ्जावीको घर भत्कियो । वर्षौं दुःख गरेर बनाएको घर क्षतिग्रस्त भएपछि उहाँको परिवारलाई निकै तनाव भएको थियो ।

"त्यो रात सम्झिँदा अझै डर लाग्छ । निरन्तरको पानीले घरको केही भाग भत्कियो । परिवारकासबैसदस्यलेभागेरज्यान जोगायौँ", पञ्जावीले विगत सम्झिँदै भन्नुभयो, "सबैभन्दा ठूलो चिन्ता साना बालबालिकाको थियो । त्यसमाथि फेरि घर बनाउन आर्थिक जोहो कसरी गर्ने भन्ने चिन्ता थियो । धेरै दिनसम्म निद्रा लाग्दैनथ्यो ।"



आर्थिक अवस्था कमजोर भएका कारण तत्काल घर मर्मत गर्ने सम्भावना पनि थिएन, तर नेपालगञ्ज उपमहानगरपालिकाले लागू गरेको आवास बिमा कार्यक्रम उहाँका लागि वरदान भयो । राष्ट्रिय बिमा कम्पनीमार्फत गरिएको बिमाअन्तर्गत रु दुई लाख ३२ हजार ९०० दाबी भुक्तानी पाएपछि पञ्जावीको घर फेरि ठडिएको छ ।

नगरप्रमुख प्रशान्त विष्टले पहिलो लाभग्राहीका रूपमा चेक हस्तान्तरण गर्दा आफू भावुक बनेको क्षण सम्झिँदै उहाँले भन्नुभयो, "पहिले घरको बिमा किन गरिरहनुपर्‍यो र भन्ने लागेको थियो, घर भत्किएपछि पो थाहा पाइयो बिमाको महत्त्व । हाल त्यही बिमाका कारण ओत लाग्ने अवस्था बनेको छ । आवास बिमा कार्यक्रम विपद्को समयमा गरिब तथा न्यून आय भएका परिवारका लागि त ठूलो सहारा हुँदो रहेछ ।"

नेपालगञ्ज उपमहानगरपालिकाले विपद्जन्य जोखिम न्यूनीकरणका लागि वडा नं ३ र ७ मा आवास बिमा कार्यक्रम लागू गरेको छ । जोखिमयुक्त परिवारलाई लक्षित गर्दै सञ्चालन गरिएको कार्यक्रमअन्तर्गत हालसम्म एक सय ८४ परिवारमा यसमा आबद्ध भएका छन् ।

नगरप्रमुख विष्टले विपद् आएपछि राहत वितरण गर्नुभन्दा विपद् आउनुअघि नै सुरक्षाको आधार तयार गर्ने उद्देश्यसहित आवास बिमा कार्यक्रम लागू गरिएकामा हाल प्रभावकारी बन्दै गएको बताउनुभयो । "विपद् कहिले आउँछ भन्ने निश्चित हुँदैन, तर त्यसको असर कम गर्न पूर्वतयारी गर्न सकिन्छ । सोही सोचअनुसार सुरु गरिएको बिमा कार्यक्रम प्रभावकारी बन्दै गएको छ", उहाँले भन्नुभयो ।

नगरप्रमुख विष्टले दुई वडाबाट सुरु गरिएको कार्यक्रम हाल वडा नं ८ र ११ मा पनि विस्तार गरिएको र आगामी दिनमा सबै वडाका जोखिमयुक्त परिवारलाई यसमा समेट्ने योजना रहेको जानकारी दिनुभयो । नेपालगञ्जले सुरु गरेको यस्तो कार्यक्रमबाट प्रभावित हुँदै नरैनापुर गाउँपालिका, कोहलपुर नगरपालिका र खजुरा गाउँपालिकाले यसै आर्थिक वर्षदेखि कार्यान्वयन गर्ने तयारी गरेका छन् ।

विपद् सम्पर्क व्यक्ति दिपेन्द्र श्रेष्ठले आवास बिमा कार्यक्रमले समुदायमा विपद् बारे सचेतना बढाउनुका साथै क्षतिपछि पुनःस्थापनामा सघाउ पुगेको बताउनुभयो । "पहिला नागरिकले बिमा भनेपछि झन्झट मान्थे, हाल लाभ पाउन थालेपछि समुदायमा विश्वास बढ्दै गएको छ", उहाँले भन्नुभयो,"यसबाट प्रभावित हुँदै अन्य स्थानीय तहले पनि कार्यक्रम लागू गर्ने तयारी गरेका छन् । यो राम्रो पक्ष हो ।"

यहाँ बिमाको प्रिमियम रकम उपमहानगरपालिकाले ब्यहोर्ने गरेको छ भने क्षतिको अवस्थाअनुसार बिमितलाई रु १५ लाखसम्म रदिने व्यवस्था गरिएको छ ।

स्थानीयवासीका अनुसार पछिल्ला वर्षमा अविरल वर्षा, डुबान र हावाहुरीका घटना बढ्दै गएका छन् । यसबाट कमजोर संरचना बनाएर बस्ने परिवार बढी प्रभावित हुने गरेका छन् । यस्तो अवस्थामा आवास बीमा कार्यक्रमले सहयोग पुर्‍याउने अपेक्षा गरिएको छ ।

यसका लागि यहाँ कार्यान्वयनमा रहेको विपद् पूर्वतयारी तथा व्यवस्थापनमा सुपर कार्यक्रमले प्राविधिक सहकार्य गरिरहेको छ । युरोपियन युनियनको आर्थिक सहयोग तथा युएनडिपीलगायत विभिन्न संस्थाको साझेदारीमा सञ्चालित उक्त कार्यक्रमलेनेपालगञ्ज उपमहानगरपालिकासँग समन्वय गर्दै विपद् जोखिम न्यूनीकरणका गतिविधि सञ्चालन गरिरहेको छ । रासस

# नेपाली श्रमिकलाई श्रम सचेतना तथा सुरक्षित रोजगारीबारे जानकारी



काठमाण्डु । संयुक्त अरब इमिरेट्स (युएई)स्थित नेपाली राजदूतावासले आबुधावीमा कार्यरत नेपाली श्रमिकलाई लक्षित गरी श्रम सचेतना तथा सुरक्षित रोजगारीसम्बन्धी अन्तरक्रिया सम्पन्न गरेको छ ।

राजदूतावास परिसरमा आयोजित कार्यक्रममा युएईका विभिन्न कम्पनीमा कार्यरत नेपाली श्रमिकको सहभागिता थियो । कार्यक्रममा राजदूतावासका श्रम सहचारी पङ्कज लामिछानेले श्रमिकका हकअधिकार र सुरक्षासम्बन्धी विषयमा प्रस्तुति दिनुभएको थियो ।

उहाँले कम्पनीमा काम गर्दा पालना गर्नुपर्ने नियम, वैदेशिक रोजगारीका क्रममा अपनाउनुपर्ने सावधानी, श्रम स्वीकृति नवीकरण, सामाजिक सुरक्षा कोषको प्रयोग तथा नेपाल सरकारले वैदेशिक रोजगारीमा रहेका नेपालीका लागि उपलब्ध गराएका सुविधाबारे जानकारी गराउनुभएको थियो ।

साथै राहदानी, इमिरेट्स आइडी, श्रमिकको परिचयपत्रलगायत व्यक्तिगत कागजात सुरक्षित राख्न र साइबर अपराध तथा आर्थिक ठगीबाट जोगिन सचेत रहन आग्रह गर्नुभयो ।

कार्यक्रममा विदेशमा हुने खोजतलास, उद्धार, व्यवस्थापन, क्षतिपूर्ति तथा श्रमिक सहायतासम्बन्धी निवेदन नेपाल सरकारको कन्सुलर सेवा विभागद्वारा सञ्चालित अनलाइन प्रणालीमार्फत दर्ता गर्न सकिने जानकारी दिइएको थियो ।

राजदूतावासका तृतीय सचिव विमलेशकुमार मिश्रले राहदानी तथा कन्सुलर सेवासम्बन्धी जानकारी दिनुभएको थियो । कार्यक्रममा सहभागी श्रमिकले यस्ता सचेतनामूलक कार्यक्रम नियमित रूपमा सञ्चालन गर्नुपर्ने आवश्यकता औँल्याएका थिए ।

सहभागीले न्यूनतम पारिश्रमिक, श्रम मापदण्डको पालना तथा वैदेशिक रोजगारीमा रहेका नेपाली श्रमिकको श्रम, सीप र योगदानको सम्मान तथा संरक्षणका लागि नेपाल सरकारले थप पहल गर्नुपर्ने धारणा राखेका थिए ।

कार्यक्रममा दैनिक जीवन र कार्यस्थलमा हुने आकस्मिक घटनामा प्राथमिक उपचार कसरी गर्ने भन्ने विषयमा 'फर्स्ट एड'सम्बन्धी व्यावहारिक जानकारीसमेत प्रदान गरिएको थियो । रासस

# भृकुटीमण्डपमा दक्षिण एसियाली व्यापार मेला जारी

काठमाण्डु । दक्षिण एसियाली क्षेत्रीय सहयोग सङ्गठन (सार्क) मुलुकका उद्योग, व्यापार तथा सेवासम्बन्धी अवसर हरूलाई एकै थलोमा ल्याउने उद्देश्यसहित गत बिहीबारदेखि स्थानीय भृकुटीमण्डपमा 'साउथ एसिया ट्रेड फेयर २०२६' जारी छ ।

सार्क राष्ट्रका उत्पादन तथा सेवाको प्रवर्द्धन, बजार सम्भाव्यता अध्ययन तथा क्रेता-बिक्रेताबीच सहकार्य विस्तार गर्न मेला आयोजना गरिएको हो ।

भोलिसम्म जारी रहने सार्क मुलुकका उत्पादन कपडा तथा तयारी सामग्री, सौन्दर्य प्रशाधनका सामग्री, हस्तकला, सवारीसाधन तथा पार्टपुर्जा, फर्निचर, कृषि उत्पादन, सूचना प्रविधि तथा घरेलु उपकरणलगायत सामग्री छन् ।

देशभित्र लामो समयदेखि सुस्त रहेको व्यापारिक वातावरण र लगानीगत अनिश्चितताबीच यो मेला निजी क्षेत्रका लागि पुनः सक्रिय बनाउने माध्यम भएको मेलाका संयोजक सुमन महर्जनले बताउनुहुन्छ ।

मेलाको सहआयोजन नेपाल चेम्बर अफ कमर्स, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, ललितपुर चेम्बर अफ कमर्स एण्ड इन्डस्ट्री, भक्तपुर चेम्बर अफ कमर्स एन्ड इन्डस्ट्री, चेम्बर अफ इन्डस्ट्रिज मोरङ, ललितपुर चेम्बर अफ कमर्स, नेपाल-चीन कार्यकारी परिषद्, नेपाल कस्मेटिक व्यवसाय सङ्घ तथा विश्व उद्यम सहायता फाउन्डेसनले गरेका हुन् ।

सार्कस्तरीय क्षेत्रीय व्यापार मेलाले व्यावसायिक गतिविधि पुनः चलायमान बनाउने अपेक्षा गरिएको छ । रासस

# सडक, पुल र अस्पताल निर्माण गर्न स्रोत सहमतिका लागि आयोगको सिफारिस

काठमाण्डु । राष्ट्रिय योजना आयोगले विभिन्न आठ वटा सडक आयोजनाको बहुवर्षीय स्रोत सहमतिका लागि अर्थ मन्त्रालयमा सिफारिस गरेको छ ।

आयोगको हालैको बैठकले भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयबाट कार्यान्वयनमा रहेका धनगढी-खुटिया-दिपायल-चैनपुर-उरैभन्ज्याङ सडक, खुलालु-सल्लिसल्ला सडक र सोअन्तर्गतका छ वटा पुल, कर्णाली कोरिडोरको उत्तर खण्ड (हिल्सा-सिमकोट) सडक, लेले भारदेव-चन्दपुर ठूला दुर्लुङ सडक, भेरी कोरिडोर (जाजरकोट-दुनै-मरिम-तिन्जे-धो) रिम्ना सडक खण्डका १४ वटा पुल, रोल्पास्थित सहिद मार्गका लागि स्रोत सहमतिका लागि सिफारिस गरेको हो ।



भौतिक पूर्वाधार मन्त्रालयबाट जम्मा बहुवर्षीय स्रोत सहमतिका लागि रु नौ अर्ब ९० करोड प्रस्ताव भएको थियो । शहरी विकास मन्त्रालयअन्तर्गत विभिन्न ५३ आयोजनाका लागि पनि रु तीन अर्ब ८१ करोड सात लाख बहुवर्षीय स्रोत सहमतिका लागि सिफरिस गरिएको छ ।

आयोगले नरदेवीस्थित आयुर्वेद चिकित्सालय (ब्लक बी), लगनखेलस्थित मानसिक अस्पताल, अछाम जिल्ला अस्पताल र प्राकृतिक तथा वैकल्पिक चिकित्सा विधासहितको १०० शय्याका आयुर्वेद अस्पताल भवन निर्माणका लगि सुरु विनियोजन रकमको चार गुणाभन्दा बढी नहुने गरी स्रोत सहमतिका लागि अर्थमा सिफारिस गरेको छ । रासस

# अन्तरराष्ट्रिय आर्गानिया दिवस मनाइँदै

काठमाण्डु । आइतबार विश्वका विभिन्न देशमा जैविक विविधता संरक्षणसम्बन्धी चेतनामूलक कार्यक्रमका साथ अन्तरराष्ट्रिय आर्गानिया दिवस मनाइँदैछ ।



यो विशेष वनस्पति कृषि, जैविक विविधता, दिगो पारिस्थितिक प्रणाली तथा समृद्ध सांस्कृतिक सम्पदाका कारण विश्वव्यापी रूपमा परिचित छ । यही महत्वलाई ध्यानमा राख्दै विभिन्न संयुक्त राष्ट्रसङ्घीय निकायहरूले यस क्षेत्रलाई विशेष मान्यता तथा संरक्षण प्रदान गरेका छन् ।

संयुक्त राष्ट्रसङ्घीय शैक्षिक, वैज्ञानिक तथा सांस्कृतिक सङ्गठन (युनेस्को)ले सन् १९९८ मा आर्गान उत्पादन हुने स्थानीय क्षेत्रलाई 'आर्गानेराइ बायोस्फियर रिजर्भ'का रूपमा घोषणा गरेको थियो । त्यसैगरी, आर्गान रूखसँग सम्बन्धित परम्परागत ज्ञान, सीप र संस्कृतिलाई सन् २०१४ मा युनेस्कोको मानवताको अमूर्त सांस्कृतिक सम्पदा सूचीमा समावेश गरिएको थियो ।

यसैबीच, राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठन (एफएओ) ले सन् २०१८ डिसेम्बरमा मोरक्कोको ऐत सुआब-ऐत मनसुर क्षेत्रमा रहेको आर्गान-आधारित कृषि, वन तथा पशुपालन प्रणालीलाई विश्वका महत्वपूर्ण कृषि सम्पदा प्रणालीका रूपमा मान्यता दिएको थियो ।

त्यसपछि सन् २०२१ मा राष्ट्रसङ्घीय महासभाले मे १० लाई अन्तरराष्ट्रिय आर्गानिया दिवसका रूपमा घोषणा गरेको हो । मोरक्कोद्वारा प्रस्तुत उक्त प्रस्तावलाई संयुक्त राष्ट्रसङ्घका ११३ सदस्य राष्ट्रले स्वीकार गरेका थिए । यो स्वीकृतिसँगै मोरक्कोको प्रस्ताव सर्वसम्मत रूपमा पारित भएको हो ।रासस

# सरकारविरुद्ध सुकुम्बासीको प्रदर्शन



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका विभिन्न स्थानमा बालेन सरकारविरुद्ध भूमि तथा आवासको अधिकार सुनिश्चित गर्न माग गर्दै भूमिहीन सुकुम्बासीहरुले विरोध प्रदर्शन गरेका छन् । धनुषाको ढल्केबरमा सुकुमवासी समुदायले प्रदर्शन गरेका छन् ।

राष्ट्रिय भूमि अधिकार मञ्चद्वार धनुषाको ढल्केवर, महोत्तरीको बर्दिबास र रौतहटको चन्द्रपुरमा सरकारविरुद्ध नाराबाजी गर्दै सुकुमवासी बस्तीमा डोजर चलाउन पाइदैन आवासको अधिकार सुनिश्चित गर भन्ने नारासहित सुकुम्बासीहरुले प्रदर्शन गरेका हुन् ।

ढल्केवरमा आयोजित प्रदर्शनमा सहभागीहरूले 'उठिवास बन्द गर', 'भूमि र आवासको अधिकार सुनिश्चित गर' तथा ' जीवन र जीविकाको अधिकार कायम गर' लगायतका नारा लेखिएका प्लेकार्ड बोकेर ढल्केबर बजार भरि प्रदर्शन गरेका थिए ।

प्रदर्शन पश्चात आयोजित कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय सदस्य इच्छाराम परियारले सुकुमवासी बस्ती हटाउनुभन्दा पहिले राज्यले वैकल्पिक व्यवस्थापन गर्नुपर्ने माग गरे ।

यस्तै महोत्तरीको बर्दिबासमा आयोजित प्रदर्शनमा प्रदर्शनकारीहरूले सुकुमवासीलाई विस्थापित नगरी सुरक्षित आवासको व्यवस्था गर्नुपर्ने माग गर्दै विभिन्न नारासहित सरकारको ध्यानाकर्षण गराएका छन् । "भूमि हाम्रो अधिकार हो", "डोजर आतङ्क बन्द गर", "सुकुमवासीलाई आवास सुनिश्चित गर" जस्ता नाराहरू प्रदर्शनमा लागेका थिए ।

भप्सी खोलाबाट सुरु भएको जुलुस बर्दिबासको मुख्यबजार क्षेत्र परिक्रमा गर्दै सिन्धुली रोड चोकमा पुगेर कोणसभामा परिणत भएको थियो । कोणसभालाई सम्बोधन गर्दै भूमि अधिकार मञ्चका केन्द्रीय महासचिव फौदसिंह स्याङ्वाले भूमिहीन परिवारलाई उचित व्यवस्थापन नगरेसम्म सुकुमवासी बस्तीमा डोजर प्रयोग नगर्न माग गरेका थिए ।

मञ्च महोत्तरीका अध्यक्ष नेत्रबहादुर कार्की (बलराम)ले सरकारले भूमि अधिकार नदिएसम्म उठिबास गराउन खोजियो भने सरकार विरुद्ध चरणबद्ध कडा आन्दोलन गर्ने चेतावनी दिए ।

उता रौतहटको चन्द्रनिगाहपुरमा समेत भूमि र आवासको अधिकार सुनिश्चित गर्न माग गर्दै भूमिहीन तथा सुकुमवासी परिवारले प्रदर्शन गरेका छन् । डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरबाट सुरु भएको र्‍याली बजारका विभिन्न भाग परिक्रमा गर्दै कोणसभामा परिणत भएको थियो ।

रौतहटमा पनि प्रदर्शनका क्रममा सहभागीले "भूमि हाम्रो अधिकार हो", "डोजर आतंक बन्द गर", "सुकुमवासीलाई आवास सुनिश्चित गर" लगायतका नारासहित सरकारको ध्यानाकर्षण गराएका थिए ।

कोणसभालाई सम्बोधन गर्दै राष्ट्रिय भूमि अधिकार मञ्च रौतहटका जिल्ला अध्यक्ष अनुप माझीले सरकारको डोजर अभियानका कारण भूमिहीन तथा सुकुमवासी परिवार त्रसित बनेको आरोप लगाएका थिए । उनले वास्तविक भूमिहीन र सुकुमवासीको पहिचान गरी सुरक्षित बसोवास तथा लालपुर्जा वितरणको प्रक्रिया अघि बढाउन सरकारसँग माग गरेका थिए ।

# पूर्वाधारमा चिट्ठी खरीद बिक्रीको आरोप

कार्यालयले वडाध्यक्ष घिसिङले भने आफूले तीनवटा योजना प्रदेश सरकार मार्फत बजेटमा पारेका थिए । उपभोक्ता समिति बनाएर काम अघि बढाउन भन्दै तयार पारिएको चिठ्ठी पहिले नै बिचौलियाको हातमा परिसकेको छ ।




**टुडे समाचारदाता**

मलंगवा । पुर्वाधार विकास कार्यालय सर्लाहीमा योजनाको चिट्ठी खरीद बिक्री भएको आरोप लगाइएको छ । सर्लाहीको लालबन्दी नगरपालिका-१४, नारायण खोलाका वडाध्यक्ष छेनामसिंह घिसिङ आफ्नो वडामा सडक स्तरोन्नतिका लागि विनियोजित योजनाको चिट्ठी बिक्री गरिएको छ ।

कार्यालयले वडाध्यक्ष घिसिङले भने आफूले तीनवटा योजना प्रदेश सरकार मार्फत बजेटमा पारेका थिए । उपभोक्ता समिति बनाएर काम अघि बढाउन भन्दै तयार पारिएको चिठ्ठी पहिले नै बिचौलियाको हातमा परिसकेको छ ।

योजनाको चिठ्ठी बिचौलियाले हात पारिसकेको थाहा पाएपछि वडाध्यक्ष घिसिङ पूर्वाधार विकासका कार्यालय प्रमुख एवं इन्जिनियर सञ्जयकुमार यादवको कार्यकक्षमा भेट्न चिट्ठी वितरण भइसकेको भनेर जवाफ दिएपछि उनी अवाक भएका छ्न ।

कुनै पनि योजनाको चिठ्ठी वडा कार्यालयमा पठाउनुपर्ने र वडा कार्यालयले उपभोक्ता समिति गठन गरेर पुनः पूर्वाधार विकास कार्यालयलाई जानकारी गराउनुपर्ने कानुनी प्रावधान छ । नारायण खोलाका वडाध्यक्ष घिसिङले भने वडा कार्यालयलाई जानकारी नै नदिई योजनाको चिठ्ठी बुझ्ने बिचौलियाले उल्टै आफूसँग कमिसन मागिरहेको बताए ।

जिल्लाकै विकट क्षेत्र र सडक पनि नपुगेको लालबन्दी-१४, नारायण खोलामा सडक निर्माणका लागि चालु आर्थिक वर्ष २०८२/८३ मा मधेश प्रदेश सरकारबाट २५/२५ लाखका तीन वटा योजना परेका छन् । ती तीन वटा योजनाको पैसा खर्च गर्न पाए यस वर्ष साबिक नारायण खोला गाविसको केन्द्र मटरदोभानसम्म सडक पुग्ने अवस्था रहे पनि सुरुमै बिचौलियाको हातमा चिट्ठी पर्दा काम गर्नै समस्या भएको वडाध्यक्ष घिसिङको बताए ।

घटनाबारे बुझ्न सञ्चारकर्मी पूर्वाधार विकास कार्यालय प्रमुख सञ्जयकुमार यादवको कार्यकक्षमा जांदा त्यहाँ बसेका सबै सर्वसाधारण र जनप्रतिनिधिको एउटै गुनासो लिएर बसेका थिए मेरो चिट्ठी खोई, बिचौलियाले कमीशन मागि रहेको गुनासो थियो ।

बलरा नगरपालिका-५, का स्थानीय सत्यप्रकाश यादवले पूर्वाधार विकास कार्यालयको अवस्था सुध्रिन नसकेको भन्दै अहिले पनि योजनाको खुलेआम खरिदबिक्री चलिरहेको बताए । नयाँ सरकार बनेपछि अन्य कार्यालयमा सुधार देखिएपनि पूर्वाधार विकास कार्यालयको हालत उस्तै पुराना अवस्थामा रहेको उनले भने ।


पूर्वाधार विकास कार्यालय मलंगवामा शुक्रबार मात्र हाजिर भएका कार्यालय प्रमुख एवं इन्जिनियर सञ्जयकुमार यादवले यसअघिका कार्यालय प्रमुखले वितरण गरेको चिट्ठीको ओसी (कार्बन राखेर छापिएको प्रतिलिपी) नै फेला नपरेको प्रतिक्रिया दिएका छन् । निवर्तमान कार्यालय प्रमुख विजयकुमार यादवसँग कागजात माग गरेपनि नदिएको यादव उनले बताए ।

उता पूर्वाधार विकास कार्यालय गौरमा सरुवा भएर गएका सिनियर डिभिजनल इन्जिनियर विजयकुमार यादवले भने कागजात नै लिएर गएको भन्ने आफूमाथि लगाइएको आरोप झुठो रहेको दाबी गरेका गरेका छ्न । उनले भने, "म कागजात लिएर किन जाने हो, कार्यालयको कागजात त कार्यालयमै हुनुपर्ने हो । कार्यालयसँग दर्ता, चलानी रजिस्टरमा चिट्ठी कसले लगे, कि लगेन सबै उल्लेख भएकाले हेरेर भन्न सकिन्छ । यदि चिठ्ठी अर्को व्यक्ति लिएर गएको छ भने सम्बन्धित व्यक्तिलाई अर्को पत्र बनाएर दिई काम अघि बढाउन सकिन्छ ।"

सर्लाहीका प्रमुख जिल्ला अधिकारी रामुराज कडरियाले पूर्वाधार विकास कार्यालय मलंगवाको घटनाबारे आफूलाई पनि जानकारी भएको बताए । उनले भने, "पुरानो हाकिमले कागजात लिएर गएको भन्ने छ, त्यसबारे २४ घण्टाको समय दिएर मलाईसमेत बोधार्थमा राखेर पत्र काट्नुस् भनेको छु ।"

जिल्लामा मात्र नभई मन्त्रालयमै योजनाको खरिदबिक्री हुने परिपाटी रोक्नुपर्ने निवर्तमान मधेश प्रदेश सभा सदस्य अशोक यादवको माग छ । उनले पूर्वाधार विकास कार्यालयका सम्पूर्ण योजना मन्त्रालयदेखि नै सेटिङमा बिक्री हुने गरेको आरोप लगाएका छन् ।

# बस दुर्घटनामा १७ घाइते



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको मिथिला नगरपालिकामा एक यात्रुवाहक बस दुर्घटना हुँदा चालकसहित १७ जना घाइते भएका छन् ।

पूर्व-पश्चिम राजमार्ग अन्तर्गत मिथिला नगरपालिका-९ स्थित फुटबल ग्राउण्ड नजिक दुर्घटना भएको प्रहरीले जनाएको छ । दुर्घटनाले सो सडकखण्डको सवारी आवागमन केही समयका लागि प्रभावित बनेको थियो ।

काठमाडौँबाट विराटनगरतर्फ आइरहेको बागमती प्रदेश ०१-००६ ख ५२३७ नम्बरको बस अर्को गाडीलाई तीव्र गतिमै ओभरटेक गर्ने क्रममा अनियन्त्रित भई सडकमा पल्टिएको प्रारम्भिक अनुसन्धानबाट खुलेको ईलाका प्रहरी कार्यालय ढल्केवरले जनाएको छ ।

प्रहरीका अनुसार बसमा ३३ जना यात्रु सवार रहेका थिए । दुर्घटनामा घाइते भएका १७ जनामध्ये केहीको अवस्था सामान्य रहेको बताइएको छ । घाइते सबैलाई तत्काल उद्धार गरी धनुषाको लालगढस्थित मोडल अस्पतालमा उपचारका लागि पठाइएको ईप्रका ढल्केवरले जनाएको छ ।

# किरियापुत्री भवन अलपत्र



**टुडे समाचारदाता**

मलंगवा । मधेश प्रदेश सरकारले सर्लाहीको लालबन्दी नगरपालिका-५ मेजरगन्ज झिरझिरेमा

१५ लाख रुपियाँ खर्चे निर्माण गरेको किरियापुत्री भवन प्रयोगमा नआउँदै जीर्ण बनेको छ ।

झिरझिरेस्थित जरुवा किनारमा चार वर्षअघि निर्माण गरिएको उक्त भवन अहिले बेवारिसे अवस्थामा रहेको स्थानीयवासी बताउँछन् । गाउँलेहरूले यसलाई लागुऔषध सेवनकर्ताको अखडा बनेको भन्दै गुनासो गरेका छन् ।

मेजरगन्जकी गायत्री महत थापाले किरियापुत्री भवनसँगै रहेको ऐतिहासिक झिरझिरे जरुवा क्षेत्र वडा तथा नगरपालिकाको बेवास्तामा परेको बताए । उनका अनुसार किरियापुत्री भवन र जरुवा क्षेत्र अहिले फोहोर फाल्ने 'डम्पिङ साइट' मा परिणत भएका छन् ।

ऐतिहासिक जरुवामा जथाभावी फोहोर फ्याँकिँदा प्रदूषण बढेको र किरियापुत्री भवन लागुऔषध सेवनकर्ताको जमघटस्थल बनेको विषयमा नगरपालिका कार्यालयमा डेलिगेसनमार्फत ध्यानाकर्षण गराए पनि कुनै सुनुवाइ नभएको थापाले गुनासो गरे । उनले भने, "यस विषयमा टोल सुधार समितिमार्फत नगरपालिकामा गएर ध्यानाकर्षण गरायौं तर आजसम्म कुनै सुनुवाइ भएको छैन ।"

स्थानीयका अनुसार भवन निर्माण भएदेखि अहिलेसम्म एकपटक पनि प्रयोगमा आएको छैन । परिवारको सदस्यको मृत्यु भएपछि १३ दिनको किरिया संस्कार गर्ने प्रयोजनका लागि निर्माण गरिएको भए पनि प्रयोगमै नआउँदै भवन जीर्ण बनेको हो । राज्यको बजेट फजुलमा खर्च भएको स्थानीयको गुनासो छ । भवनका झ्याल-ढोका तोडफोड गरिनुका साथै केही सामग्री चोरीसमेत भएको छ ।

लालबन्दी नगरपालिका-५ वडा कार्यालयका वडाध्यक्ष मीनप्रसाद ढुङ्गेल (रामु) ले आफू निर्वाचित हुनुअघि नै भवन निर्माण भएको र अहिले जीर्ण अवस्थामा देखिए पनि विस्तृत जानकारी नभएको बताए । उनले भवनलाई अन्य प्रयोजनमा ल्याउन सकिने अवस्था पनि नरहेको उल्लेख गरे ।

किरियापुत्री भवनसँगै रहेको झिरझिरे जरुवामा फोहोर फ्याँकिँदा त्यस पानीबाट सिँचाइ हुने लालबन्दी नगरपालिका-३ जब्दी क्षेत्रका किसान प्रभावित भएका छन् । बाह्रै महिना पानी रसाउने उक्त स्रोत अहिले फोहोरका कारण अवरुद्ध हुने अवस्थामा पुगेको किसानहरूको भनाइ छ ।

त्यसैगरी, बस्तीपुर जरुवापानी क्षेत्र पनि संरक्षण अभावमा फोहोर फाल्ने स्थान र लागुऔषध दुर्व्यसनीको थलो बनेको स्थानीयले बताएका छन् । जरुवापानी मुहान संरक्षण समितिका अध्यक्ष केशव पोखरेलले एकान्त क्षेत्र भएकाले संरक्षणमा कठिनाइ भइरहेको बताएका छन् ।

# आगलागीमा १३ घरगोठ जलेर नष्ट



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको तिलाठीकोइलाडीगाउँपालिका-६ बभनगामामा आगलागी हुँदा ६ परिवारका १३ घरगोठ जलेर नष्ट भएका छन् । स्थानीय रामअवतार यादवको गोठमा बालिएको घुरबाट आगो सल्किएर आगलागी भएको हो ।

शनिबार राति एक्कासि गोठबाट सल्किएको आगोले रामअवतार यादवका दुई घर र एक गोठ, जुगाई यादवका दुई घर र एक गोठ, अनिल यादव (गिरिजा) का दुई घर र एक गोठ, योगिन्द्र यादवको एक घर, राजकुमार यादवको एक घर तथा धिरेन्द्र यादवको एक घर जलेर पूर्ण रूपमा क्षति भएको स्थानीय रामनाथ यादवले बताए ।

हनुमाननगर कंकालिनी नगरपालिका, मधेश प्रदेश प्रहरी तालिम केन्द्र राजविराजबाट आएको वारुणयन्त्र, को. बरसाइन प्रहरी चौकीका प्रहरी तथा स्थानीयवासीको सहयोगमा करिब एक घण्टापछि आगो नियन्त्रणमा आएको थियो ।

आगलागीबाट खाद्यान्न, लत्ताकपडा, गरगहना, फर्निचरलगायत नगदसहित ३० लाख रुपियाँभन्दा बढीको धनमाल नष्ट भएको प्रारम्भिक अनुमान गरिएको छ । यद्यपि, क्षतिको पूर्ण विवरण आउन बाँकी रहेको सप्तरी प्रहरीले जनाएको छ ।

आगलागीबाट भएको क्षतिको विवरण संकलन भइरहेको तथा घटनाबारे थप अनुसन्धान भइरहेको सप्तरीका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक डम्बरबहादुर पुरीले जानकारी दिएका छन् ।

# क्यासिनोटबाट ७ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगन्जस्थित विभिन्न क्यासिनोमा जुवा खेलिरहेको अवस्थामा ६ भारतीय नागरिकसहित १ नेपालीलाई पर्सा प्रहरीले पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार शनिबार राति करिब पउने १२ बजे वीरगन्जका चार वटा क्यासिनोमा शंकास्पद गतिविधि भइरहेको विशेष सूचनाको आधारमा वडा प्रहरी कार्यालय बिर्ताबाट खटिएको संयुक्त प्रहरी टोलीले छापा मारेर तिनीहरुलाई पक्राउ गरेको हो । प्रहरीले किङ, फर्चुन सिटी गेमिङ क्लुब र क्यासिनो माजोङलगायतका स्थानबाट जुवा खेलिरहेको आरोपमा उनीहरूलाई नियन्त्रणमा लिएको जनाएको छ ।

पक्राउ पर्नेमा भारत बिहार घर भएका २६ वर्षीय गणेश कुमार, ३८ वर्षीय सन्दीप कुमार, ३१ वर्षीय सुरज प्रसाद, ४३ वर्षीय अल्लाह यादव र ३६ वर्षीय ओमप्रकाश यादव रहेका छन्। त्यसैगरी वीरगन्ज महानगरपालिका-३२ निवासी ३७ वर्षीय जमुदिन मियाँ अन्सारी पनि पक्राउ परेका छन्।

# पैदलयात्री घाइते

**टुडे समाचारदाता**

रौतहट । रौतहटमा मोटरसाइकलको ठक्करबाट एक पैदल यात्री घाइते भएको छ । मोटरसाइकल चोरी गरी भाग्ने क्रममा पैदल यात्रीलाई ठक्कर दिएको प्रहरीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार मौलापुर नगरपालिका-०५ स्थित आईटी चौकमा मधेश प्रदेश-०३-०२७ प ७५७५ नम्बरको मोटरसाइकलले पैदल यात्री २० वर्षिया सुनिता कुमारीलाई ठक्कर दिएको थियो । दुर्घटनापछि चालक घटनास्थलमै मोटरसाइकल छोडी फरार भएका थिए ।

अनुसन्धानका क्रममा उक्त मोटरसाइकल सोही दिन बिहान ८ बजे पर्साको नगवा चोकबाट चोरी भएको खुलेको प्रहरीले जनाएको छ । सवारीधनी वीरगञ्ज महानगरपालिका-१६ निवासी रमेश कुमार पटेलले मोटरसाइकल चोरी भएको भन्दै प्रहरीमा निवेदन दिएका थिए ।

घटनापछि प्रहरीले प्राविधिक विश्लेषण, हुलिया तथा सम्भावित भाग्ने मार्गको आधारमा खोजतलास तीव्र बनाएको थियो ।

सोही क्रममा फरार रहेका अभियुक्त बारा जिल्लाको सिम्रौनगढ नगरपालिका-३ का २३ वर्षीय जावीर अन्सारीलाई बैशाख २५ गते बौधीमाई नगरपालिका-८ स्थित बंकुल नहर चोकबाट पक्राउ गरिएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका अन्सारीलाई सवारी अंगभंग र चोरीसम्बन्धी मुद्दामा थप अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय रौतहटमा राखिएको छ ।

प्रहरी नायव उपरीक्षक विष्णु प्रदीप बस्यालका अनुसार घटनाबारे थप अनुसन्धान जारी रहेको छ ।


# लागू औषधसहित ८ जना पक्राउ

**टुडे समाचारदाता**

वीरगञ्ज।प्रहरीद्वारासञ्चालित 'लागूऔषध सेवनकर्ता खोजी एवं सुधार महाअभियान'अन्तर्गत पर्साको विभिन्न स्थानबाट ८ जनालाई पक्राउ गरिएको छ । पक्राउ परेकाहरूबाट खैरो हिरोइन, सेतो हिरोइन तथा प्रतिबन्धित ट्याब्लेट बरामद भएको छ ।

जिल्ला प्रहरी कार्यालय पर्साका अनुसार २०८३ वैशाख २५ गते साँझ वीरगन्ज महानगरपालिका-१६ स्थित शंकराचार्य गेट चेकपोष्टमा भारतबाट नेपालतर्फ आउने पैदलयात्री तथा सवारीसाधनको जाँच गर्ने क्रममा लागूऔषधसहित उनीहरू पक्राउ परेका हुन् ।

प्रहरीले पक्राउ परेकाहरूको शरीर तथा सवारीसाधनमा लुकाइछिपाइ राखिएको अवस्थामा लागूऔषध फेला पारी बरामद गरेको जनाएको छ । घटनामा संलग्नविरुद्ध लागूऔषध नियन्त्रण ऐनअन्तर्गत मुद्दा दर्ता गरी पर्सा जिल्ला अदालतबाट पाँच दिनको म्याद थप गरेर अनुसन्धान भइरहेको छ ।



पक्राउ पर्नेहरूमा २७ वर्षीय विकासकुमार साह र २३ वर्षीय कबिन पराजुली रहेको प्रहरीले जनाएको छ । उनीहरूको साथबाट ६ सय मिलिग्राम खैरो हेरोइन बरामद गरिएको थियो । त्यस्तै २० वर्षीय सागर घिमिरे र २३ वर्षीया पूजा जिम्बाबाट ५ ग्राम खैरो हेरोइन र शून्य दशमलव २५ मिलिग्राम सेतो हेरोइन बरामद भएको छ। वैशाख २६ गते बिहान प्रहरीले २९ वर्षीय अन्जन थापा र १९ वर्षीय रमेश बम्जनलाई ३ ग्राम ३७ मिलिग्राम खैरो हेरोइनसहित पक्राउ गरेको छ ।

त्यसैगरी ३७ वर्षीय राजु बनियाँ र ५२ वर्षीय अलिहदन मियाँलाई ५३ पिस प्रतिबन्धित ट्याब्लेटसहित नियन्त्रणमा लिएको छ । प्रहरीले घटनामा प्रयोग भएको मधेश प्रदेश ०३-०२८ प ७६५६ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ ।

लागुऔषध

सुन, गुन, बिचार गर

"होइन" भन नशा र

दुव्र्यसनलाई

"हो" भन घरपरिवार

अनि भविष्यलाई ।

आमसंचार प्राधिकरण

मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८